गौरी मासिक
GAURI MASIK

वर्ष ५८, अङ्क १२, २०८० भदौ, पूर्णाङ्क २०८

मूल्य रु. ४५/-

गौरी २०८ औं थुँगा

अच्युतं केशवं रामनारायणं
कृष्णदामोदरं वासुदेवं हरिम् ।
श्रीधरं माधवं गोपिकावल्लभं
जानकीनायकं रामचन्द्रं भजे ॥

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना दुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू



एक करोड गीतादान महाअभियान
सहभागी हुन इच्छुक महानुभावहरूलाई
हार्दिक स्वागत गर्दछौं ।
सहभागीताको लागि:
एक करोड गीतादान महाअभियान
New Baneshwor, Kathmandu, Nepal
Tel.: +977-01-4104316/6638000
E-mail: 1karodgeetadan@gmail.com
Facebook: Karod Geeta Dan
Website: www.ushaeduhouse.com
मूल्यः स्वविवेक
9 789937 122801
श्रीमद्भगवद्गीता
(नेपाली भावार्थसहित)
श्रीमद्भगवद्गीता
विष्णु सहस्रनाम सहित
(नेपाली भावार्थसहित)
विश्व कल्याण र धर्म संरक्षणको लागि
ॐ
एक करोड गीतादान महाअभियान

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुर्‍याइ पुण्य कमाउनुहोस् ।
यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

पूर्वाञ्चल प्राप्ति स्थान-
वैदिक संस्कार तथा सामग्री प्रतिष्ठान
विर्तामोड, झापा ।
फोन- ०२३-५४४४४९

पश्चिमाञ्चल प्राप्ति स्थान
लुम्बिनी पूजा सामग्री प्रतिष्ठान, बुटवल
फोन- ०७१-५४३४०१

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरु कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष १८, अङ्क १२ २०८०, पूर्णाङ्क २०८

भदौ २०८०

शुक्रबार	१	८	१५	२२	२९
शनिबार	२	९	१६	२३	३०
आइतबार	३	१०	१७	२४	३१
सोमबार	४	११	१८	२५	गौरी
मङ्गलबार	५	१२	१९	२६	गौरी
बुधबार	६	१३	२०	२७	गौरी
बिहीबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।

कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति
सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७
९८५१०५३६०१

श्रीमद्भागवतमहापुराण

ज्ञानयोग, कर्मयोग र भक्तियोग

उद्धवजीले पुनः शङ्का गरे– कमलनयन ! वेदमा केही कर्महरू गर्ने विधि भनिएको छ भने केहीको निषेध पनि गरिएको छ । वर्णाश्रमधर्म, उपयुक्त-अनुपयुक्त, कर्म, काल तथा स्वर्ग नरकका भेदहरूको बोध वेदहरूबाट नै हुन्छ । वेदले नै श्रेष्ठ मार्ग देखाउँछन् र यस लोकमा पनि कुनै मानिसको कुन साध्य हो र के साधन हो ? यसको निर्णय पनि वेदबाट नै हुन्छ । गुणहरूमा र दोषहरूमा भेददृष्टिमा भेददृष्टि वेदकै अनुसार हुन्छ, तर हजुरका वाणीले यसको निषेध पनि गर्छ । यो विरोध देखेर मेरा मनमा शङ्का भइरहेको छ । हजुरले कृपा गरी यो शङ्का निवारण गरिदिनुहोस् ।

भगवान् श्रीकृष्णले भन्नुभयो– उद्धव ! मैले नै वेदहरूमा तथा अन्यत्र पनि मानिसको कल्याण गर्न तीन थरीका योगहरूको उपदेश गरेको छु । ती योग हुन्– ज्ञानयोग, कर्मयोग र भक्तियोग । मानिसको कल्याणनिम्ति यसबाहेक अरू कुनै उपाय छैन । जुन मानिस कर्महरू तथा त्यसका फलहरूबाट विरक्त छ त्यो ज्ञानयोगको अधिकारी हुन्छ । यसका विपरीत जुन मानिसका चित्तमा कर्महरू र तिनका फलहरूसित वैराग्य उदय भएको छैन, त्यो कर्मयोगको अधिकारी हुन्छ । कर्म त्यति बेलासम्म गर्नुपर्छ जबसम्म प्राप्त हुने स्वर्गादि सुखहरूबाट वैराग्य हुँदैन, अथवा जबसम्म मेरा लीलाकथाको श्रवणकीर्तनमा श्रद्धा हुँदैन । यसरी आफ्नो वर्ण र आश्रमको अनुकूल धर्ममा स्थिर रहेर त्यसलाई यज्ञहरूद्वारा आराधना गर्दै रहनुपर्छ । यदि विहितकर्महरूको नै त्यसले आचरण गर्छ भने त्यसलाई स्वर्ग वा नरकमा जानु पर्दैन ।

आफ्नो धर्ममा निष्ठा राख्ने मानिस यस शरीरबाट नै कर्मको परित्याग गरेर मुक्त भइहाल्छ र सजिलैसित त्यसलाई मेरो भक्ति प्राप्त भइहाल्छ । मेरो भक्ति नै संसारसागरबाट पार हुने सुदृढ नाउ हो । भक्तियोगद्वारा निरन्तर मेरो भजन गर्नाले साधकको हृदयमा मेराप्रति विश्वास दृढ हुन्छ र यसबाट उसका हृदयका सम्पूर्ण वासनाहरू नष्ट भएर जान्छन् । जुन साधक मेरो भक्तिपूर्वक चिन्तनमा मग्न रहन्छ, त्यसका लागि ज्ञान वा वैराग्य आवश्यक छैन ।

प्रिय उद्धव ! आआफ्ना धर्ममा निष्ठा राख्नु नै गुण कहिन्छ र यसका विपरीत दोष कहिन्छ । पृथ्वी, जल, तेज, वायु, आकाश नै ब्रह्मादेखि लिएर पर्वत, वृक्षपर्यन्त सबै प्राणीहरूका शरीरका मूल कारण हुन् । यसरी सबै शरीरका दृष्टिले त समान नै छन्, सबैको आत्मा पनि एउटै छ । यिनीहरूको यस्तो नभएमा पनि वेदहरूले यिनका परिश्रम भिन्नाभिन्नै यस कारण बनाएकी यिनीहरू आफ्ना प्रवृत्तिहरूलाई सङ्कुचित गरेर धर्म, अर्थ, काम र मोक्ष यी चारओटै पुरुषार्थहरूलाई सिद्ध गर्न सकून् । देश, काल, फल, निमित्त अधिकारी र ध्यान आदि वस्तुहरूका गुण र दोषको विधान पनि यस कारण गरिएको छ कि मर्यादाको भङ्ग हुन नपाओस् । देशहरूमा त्यो देश अपवित्र छ जहाँ सत्पुरुष छैनन् । समय उही पवित्र हो जसमा गर्ने योग्य कर्म हुन सकोस् । गुरूमुखबाट सुन्नाले मन्त्रको र मलाई समर्पण गरिदिनाले कर्मको शुद्धि हुन्छ । यसरी देश, काल, पदार्थ, कर्ता, मन्त्र र कर्म यी छवटै शुद्ध भएमा धर्म र अशुद्ध भएमा अधर्म हुन्छ । कहीं कहीं शास्त्रविधिले गुण त दोष हुन्छ र दोष गुण भइहाल्छ ।

विषयहरूमा कहीं पनि गुणहरूको आरोप गर्नाले त्यस वस्तुका प्रति आसक्ति भइहाल्छ । आसक्ति भएपछि त्यसलाई आफ्ना नजिक राख्ने कामना र कामनाको पूर्तिमा बाधा परेमा कलह उत्पन्न हुन्छ । कलहबाट क्रोधको उत्पत्ति हुन्छ र क्रोध भएको बेलामा आफ्नो हितअहितको ज्ञान रहँदैन । ज्ञान नहुनाले उत्तिखेरै कार्याकार्यको निर्णय गर्ने व्यापक चेतनाशक्ति लुप्त भइहाल्छ र त्यो लुप्त भएपछि मानवमा मानवता रहँदैन । यस्तो स्थितिमा म त्यसको स्वार्थसिद्धि हुन्छ न परमार्थ नै । विषयहरूको मिलन गर्दागर्दा त्यो जड भइहाल्छ ।

क्रमशः

सम्पादकीय

गोवंश हत्याको निन्दा र भर्त्सना

कोशी प्रदेश अन्तरगतको धरान उपमहानगरपालिकामा हालै गोवंशको वध गरी सामूहिक भोज लगाएको अपुष्ट घटना सार्वजनिक भएको छ । यदि गोवंश हत्या जस्तो दुष्कृत्य भएको रहेछ भने नेपालको संविधान २०७२ ले राष्ट्रिय जनावरको रूपमा मान्यता दिएको गोवंशलाई हत्या गर्नु गैरसंवैधानिक कार्य हो । यसै गरी मुलुकी ऐन अपराध संहिता २०७४ को परिच्छेद २७ को दफा २८७ गाईगोरु मार्न वा कुट्न नहुने प्रावधान राखिएको छ । यसै दफाको उपदफा १ मा कसैले गाईगोरु मार्ने वा चोट पुऱ्याउने नियतले कुनै काम गर्नु वा गराउनु हुँदैन भनिएको छ । साथै यसै महलको उपदफा २ मा भने उपदफा १ बमोजिमको कामबाट कुनै गाई वा गोरु मर्न गएमा त्यस्तो कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद हुनेछ भनिएको छ ।

कानूनी रूपले मात्र नभइ गाई, सनातन धर्मको आस्था र विश्वासको केन्द्र हो । गाईलाई हिन्दु धर्मले लक्ष्मी माताको रूपमा पुज्ने गर्दछन् । विं.सं. २०७८ सालको जनगणनालाई आधार मान्ने हो भने पनि नेपालमा ८१ प्रतिशतभन्दा बढी जनसंख्या हिन्दु धर्मावलम्बी रहेका छन् । गोवंशको हत्या गर्नु बहुसंख्यक हिन्दुहरूको आस्थामाथि चोट पुऱ्याउनु हो । बहुसंख्यक भएर पनि हिन्दुहरू अत्यन्त संयमित छन् । कोही व्यक्ति विशेष घटनाको प्रतिशोधमा नउत्री विभिन्न धार्मिक संस्थाको तर्फबाट भने सो घटनाको छानविन गरी दोषी उपर कानूनी कारवाही गर्न विज्ञप्तिमार्फत सरकारलाई अनुरोध गरेका छन् । नेपाल सन्त समाज, श्रीवैष्णव परिषद् नेपाल, विश्व हिन्दु परिषद्, विश्व हिन्दु युवा संघ, पूर्वीय दर्शन प्रतिष्ठान्, वैदिक सनातन धार्मिक महासंघ, राष्ट्वादी केन्द्र नेपाल लगायतका संघसंस्थाले सरकारले दोषीलाई तत्काल कारवाही नगरेमा धार्मिक दंगा फैलनसक्ने र त्यसको जिम्मेवारी स्वयं सरकारले लिनुपर्ने चेतावनी समेत दिएका छन् । ❖

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

आक्षेप पोख्ने किन ? धर्मानन्द भारवि ४

गीताज्ञान

सांख्ययोग आचार्य खेमराज केशवशरण ५

सम सामयिक

शास्त्र, शिव.. घनश्याम कोइराला ७

आध्यात्मिक वार्ता

भक्तहरूका... श्रीमहेन्द्रनाथ गुप्त श्री 'म' ११

चिन्तन

वेदका... सहप्रा. डा. विनुबाबा अर्याल १४

स्मरण

स्वामी चन्द्रेशप्रति....... १८

देशदर्शन

आशापुरेश्वर..... विजयराज न्यौपाने २१

समय-सन्दर्भ

कुश कसरी पवित्र हरिप्रसाद सोडारी २४

दस्तावेज

'हिन्दू राष्ट्र'. प्रा.डा. ऋषिराम पोखरेल २७

पुस्तक अंश

बहुप्रतिभाका... प्रा. शिवगोपाल रिसाल ३१

परिचय

परमानन्द खरेल.. शारदा शर्मा ३३

गतिविधि ३५

आक्षेप पोख्ने किन ?

धर्मानन्द भारवि

मर्नेको पनि टिप्पणी किन हरे ! गर्छौं नि हामीहरू !!
जो छन् पागल निन्दकी अझ बढी बन्छौं हरे ! के गरूँ ?
पीडाको अतिशप्त जीवन हुने उन्को नि निन्दा किन ?
हावा यो अभिशप्त चल्छ किन हो ? बोली छ यस्तो किन ??

केही ज्ञानविना अचानक हरे ! वर्षिन्छ निन्दा किन ?
हाहामा हुहुमा विनासमाझमा आक्षेप पोख्ने किन ??
आफै तुच्छ बनेर गर्जन दिने गर्दो छ मान्छे किन !
सुध्रोस् मानिस ! सादगी समझ होस् !! सोच्ने गरोस् दिन्दिन ॥

निन्दाबाट हराउदैन नि दशा मर्दैन झन् शत्रु नि
भित्री ज्ञान उदाउँदैन यसरी बन्दैन कोही गुनी ।
चर्चायोग्य विचारयोग्य हुनुको तात्पर्य यो हुन्न झन्
बन्दै हल्लुड हिड्छ भन्छ दुनियाँ पर्नेछ पक्का रून !

बाटो भिन्न बनोस् ! विचारपथमा हिड्ने गरूँ नित्य म
लाटो क्वै पनि छैन ईश्वर भजूँ !! सङ्कल्प यो लिन्छु म ।
बाजा बज्छ सधैं सबै हृदयमा सुन्ने गरूँ भित्र म !!
आत्मानन्दविषे रमूँ म सहजै निष्पापिलो हुन्छु म ।

छोडूँ निन्दक शीघ्र सङ्गतहरू आनन्दिलो हुन्छु म
गोडूँ चित्तविषे समग्र सुझ ली जिज्ञासु झन् हुन्छु म ।
तोडूँ दुर्जनका सबै गडबडी लागूँ म नौलो हुन
मोडूँ जीवन यो सफा नियतमा थाल्नेछु मैलो धुन ! ❖

-तीनथाना, काठमाडौं

गीता द्वितीय अध्याय

सांख्ययोग



-आचार्य खेमराज केशवशरण

यामिमां पुष्पितां वाचं प्रवदन्त्यविपश्चितः ।
वेदवादरताः पार्थ नान्यदस्तीति वादिनः ।४२।
कामात्मानः स्वर्गपरा जन्मकर्मफलप्रदाम् ।
क्रियाविशेषबहुलां भोगैश्वर्यगतिं प्रति ।४३।
भोगैश्वर्यप्रसक्तानां तयापहृतचेतसाम्
व्यवसायात्मिका बुद्धिः समाधौ न विधीयते ॥४४॥

अन्वयः हे पार्थ : कामाल्मानः वेदवादरताः स्वर्गपराः अन्यत् न अरिन इति वादिनः अवियन्श्चितः भोगैश्वर्यगतिं प्रति क्रियाविशेषबहुलां माम इमां पुण्यितां वाचंप्रवन्ति तथा अर्पहृचेतसां भौगेश्वर्य प्रसक्तानां बुद्धिः व्यवसायात्मिका (भूत्या) समाधौ नविधीयते ।

सरलार्थः हे अर्जुन ! विषयसुखमा रम्ने स्वर्गप्राप्ति नै सबैथोक हो भन्ने स्वर्गभन्दा ठूलो अरू केही छैन भनी ठान्ने अज्ञानीहरू वैभव र विषय भोगमै केन्द्रित विभिन्न थरी सकाम कर्म गर्दै जन्म र कर्मको फल प्रदान गर्ने जुन यो यसो गरे यस्तो फल पाइन्छ, त्यसो गरे त्यस्तो फल पाइन्छ भन्ने युष्पित बोली बोल्ने गर्दछन् त्यस चित्त हरिएका भोग र ऐश्वर्यमा आसक्ति राख्नेहरूको बुद्धि व्यवसायित्मका बनेर समाधिमा लाग्दैन ।

भावार्थचन्द्रिकाः मानिसलाई संसारमा जन्म लिन बाध्य तुल्याउने र थरीथरी कर्ममा अल्मलिएर तिनको फल भोग्न विवश तुल्याउने सकाम कर्महरू नै हुन् । संसारका विषयहरूमा आसक्ति राखेर यसो गर्न पाए यसो हुने थियो भनेर थरी थरी पुष्पित आशामा बाँधिएकाहरूले गर्ने कर्महरू नै तिनको भवाटवीको यात्रामा कारण बन्दछन् । जसले छोराको चाहनामा सकाम कर्मानुष्ठान गरेका हुन्छन् तिनले बाबु आमा बनेर छोराको स्याहरसंभारका लागि यहाँ आउनु पर्दछ । त्यसै गरी जसले धनको लालसाले सकाम कर्मानुष्ठान गरेका हुन्छन् तिनले सेठ बनेर धन माल्न यहाँ जन्मनु पर्दछ । जसले कहिल्यै केही नचाहिकन ईश्वरार्पण बुद्धिले निष्काम कर्म गरेका हुन्छन् तिनले जन्म लिन आइरहनु पर्दैन । बुद्धियोगको आश्रयले निर्मल निश्चल शुद्ध चित्तले गरेका कर्महरू भववन्धनका कारण बन्दैनन् ।

सकाम कर्ममा लागेका भोग र ऐश्वर्यको आसक्तिमा बाँधिएका र स्वर्ग नै सबैभन्दा ठूलो हो भन्ने धारणामा बहकिएकाहरूले व्यवसायात्मिका बुद्धिको उज्यालो कहिल्यै पाउँदैनन् । दृढ निश्चल बुद्धिको प्रकाश प्राप्त गर्न कामनाको जालोलाई छिचोलेर निश्चल, निष्काम शुद्ध मनले आस्थासाथ परमात्माको उपासना, ध्यान, चिन्तन गर्नु अत्यावश्यक हुन्छ । कामनाहरूका पछि दगुरेर वैभव र विषयसुखमा भौतारिनेहरूलाई त्याग र वैराग्यले छुनै भ्याउदैन । अनि त्याग र वैराग्यको पावन स्पर्श नभई चित्तमा त्यो निर्मलता नै उदाउँदैन । जसले गर्दा व्यवसायात्मिका बुद्धि प्राप्त गर्ने आशा नै त्यहाँ रहन्न । बुद्धि व्यवसायात्मिका नबनी मानसिक एकाग्रता, शान्ति, विश्रान्ति साधकलाई कहिल्यै प्राप्त हुँदैन ।

एकात्मकताको उल्लेख गर्दै यहाँ जुन यी राजसी स्वभावका पुरूषहरूको वर्णन आएको छ, तिनैलाई सोह्रौ अध्यायमा 'कामोपभोगपरमा' प्रसक्ताः कामभोगेषु' इत्यादि भनेर आसुरी वृत्तिका उपासकहरूका रूपमा भगवान्ले चर्चा गर्नुभएको छ ।

त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन ।
निर्द्वन्द्वो नित्यसत्त्वस्थो निर्योगक्षेम आत्मवान् ।४५॥

अन्वयः हे अर्जुन वेदाः भैगुण्यविजयाः निस्त्रैगुण्यः निद्वन्दः नित्यसत्वस्थ निर्यौगक्षेम आत्मगन् यत्र ।

सरलार्थः हे अर्जुन ! वेदले त्रिगुणकै विषय बताउँछन् । तिमी त्रैगुण्यभन्दा माथि पुग, द्वन्द्वरहित होऊ, नित्य सत्वमा रहू र योग क्षमाको चिन्तै नगर्ने इन्द्रिय र मनलाई वशमा राख्ने बन ।

भावार्थचन्द्रिकाः भगवान्ले भएका तीन श्लोकमा सकाम भावनाको वर्णन गर्नुभयो । अव तीन श्लोकमा निस्काम भावनाका बारेमा प्रकाश पार्दै हुनुहुन्छ । वेदले

बताउने विषयभित्र तीन गुण पनि पर्दछन् । सत्त्व, रज र तम यी तीन गुणसँग सम्वन्धित विषयहरू विशेष गरी वेदको कर्म काण्डभित्र प्रशस्त मात्रामा पर्दछन् । त्रिगुणात्मिका मायाको क्षेत्रभन्दा माथि उठेर तीन गुणको सीमालाई छिचोली निर्द्वन्द्व बन्नका लागि भगवान् यहाँ बल दिंदै हुनुहुन्छ । रागद्वेष, शीतउष्ण, सुखदुःख, अनुकूलप्रतिकूल जस्ता परस्पर विरूद्ध स्वभावका द्वन्द्वहरूबाट माथि उठेर समभावमा अवस्थित नभई मानिसलाई पुरुषर्थको पूर्ण स्थिति प्राप्त हुँदैन । यहाँ त्यसैले निर्द्वन्द्व बन्न भगवान्ले जोड दिनुभएको छ । नभएको बस्तु प्राप्त हुनु योग कहलाउँछ, प्राप्त बस्तुको रक्षालाई क्षेम भनिन्छ । भगवान्ले यहाँ योग क्षेमको चिन्ता पनि नलिन अर्जुनलाई प्रेरित गर्नुभएको छ । भोलि के होला ? सोचेका कुरा प्राप्त होला नहोला र प्राप्त वस्तुको सुरक्षासंभव होला नहोला भन्ने पनि मनमा आउन नदेउ भनी सम्पूर्ण रूपमा परमात्माप्रति समर्पित रहन भगवान्ले अर्जुनलाई प्रेरित गर्नुभएको छ ।

वास्तवमा शरणागत भक्तका योग क्षेमलाई त स्वयं भगवान् नै वहन गरिदिनुहुन्छ भन्ने कुरा नवौ अध्यायको बाईसौं श्लोकमा स्वयं भगवान्ले व्यक्त गर्नुभएको छ । त्यसैले शिष्यस्तेहं शाधि मां त्वा प्रपन्नाम् भन्दै शरणमा परेका अर्जुनलाई योगक्षेमको चिन्ताबाट समेत मुक्त भएर कर्तव्यपालनप्रति समर्पित रहन भगवान्ले यहाँ प्रेरित गर्नुभएको छ ।

यावानर्थ उदपाने सर्वतः संप्लुतोदके ।
तावान्सर्वेषु वेदेषु ब्राह्मणस्य विजानतः ।४६।

अन्वयः सर्वतः संप्लुतोदके, उदपाने यावान् अर्थः विजानतः ब्रह्मणस्य सर्वेषु देवेषु तावान् अर्थः ।

सरलार्थः छताछुल्ल पानी भएको तलाउ भए पनि पानी खाने इच्छा भएकालाई आफ्नो तिर्खा मेटाउन चाहिने जति मात्र पानीको अपेक्षा रहन्छ । त्यसै गरी ब्रह्मतत्त्वका ज्ञाता ब्राह्मणका लागि विभिन्न विषयभएका सबै वेदमा आफूलाई चाहिने जति ज्ञानको मात्र अपेक्षा रहन्छ ।

भावार्थचन्द्रिकाः वेद त अनन्त ज्ञानका भण्डार हुन् । सत्व, रज र तमसँग सम्बन्धित विविध एषणाहरू पूरा गरिदिने अनन्त ज्ञानसामग्री तिनमा छन् । तर जसलाई जीवनको मूल कुरा परब्रह्म परमात्माको ज्ञान प्राप्त भइसकेको हुन्छ तिनका लागि अरू सबै कुरा फाल्तु हुन्छन् । केवल परमात्माको परमानन्दमय निरूपण भएका अंशलाई मात्र उनीहरू बहुमूल्य संभिन्छन् र त्यसैमा रमिरहन्छन् । जुन ज्ञानले आत्माको अमरताको बोध गराउँछ, जुन ज्ञानले द्वन्द्वहरूमा समभाव राखेर समाधानपूर्ण जीवन जिउने सत्प्रेरणा प्रदान गर्दछ, जुन ज्ञानले स्वधर्मको परिपालनप्रति जागरूक बनाइदिन्छ, त्यसैलाई महत्त्वपूर्ण मानेर तत्त्वज्ञानी पुरुष आफ्नो लक्ष्यप्राप्तिमा अघि सर्दछ । अगाध ज्ञानराशिका रूपमा प्रतिष्ठित वेदहरूभित्र प्रवेश गरे पनि प्रवुद्ध साधकको बुद्धिले अरू कुरालाई साधारण रूपले लिन्छ र आफ्नो प्रयोजन पुरा गर्ने सार कुरा लिएर साधनामा अघि बढ्दछ ।

अब भगवान् निष्काम कर्मयोगका लागि संभनु पर्ने सारपूर्ण कुरा बताउनुहुन्छ । क्रमशः

(आचार्य खेमराज केशवशरणको वि.सं. २०७४ साल साउन १८ गते निधन भएको हो । उहाँका पारिवारिक श्रोतबाट प्राप्त भएको उहाँद्वारा भावानुवादित गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा क्रमशः प्रकाशित गरिरहेका छौं ।)

शास्त्र, शिव, समन्वय र सफलता !

-घनश्याम कोइराला

देवता भनेका सबै पूज्य र पूजनीय छन् । देवता को हुन् ? देवता पूजनीय किन छन् ? यसको सहज उत्तर छ, सबैलाई खुसी पार्ने क्षमता भएका देवता हुन् । उनीहरू यस्तै गुणका कारण पूज्य छन् । अरूलाई दुःख नदिने, सबैलाई सुख दिन प्रयासरत रहने, सुख दिने गुणका कारण देवता, देवता भएका हुन् ।

देवताका पनि देवता महादेवता (महादेव) शिव हुन् । सनातन संस्कृतिमा शिवको उच्च महिमा छ । साधक र अध्येताहरूका लागि साह्रै महत्त्वपूर्ण देवता शिव, जसलाई रूद्र रूपमा, शंकरका रूपमा, महादेवका रूपमा, जगतका अग्रनायकका (जगदीश)का रूपमा सम्मानित यी देवताको नाममा शिवमहापुराण छ । पाशुपत दर्शन, शैव दर्शन पनि यिनै शिव-पशुपतिसँग सम्बन्धित दर्शन हो भनेर बुझ्न गाह्रो छैन ।

शिवका विषयमा लेखिएका यी पङ्क्तिहरूबाट मात्र पनि धेरै कुरा बुझ्न सकिन्छ–

'चिता भस्मालेपो गरलमशनं दिक्पट्धरो ।
जटाधारी कण्ठे भुजगपतिहारी पशुपतिः ‼
कपाली भूतेशो भजति जगदीशैक पदवीं ....।

आफ्नो शरीरभरि चिताको खरानी घसेर बस्ने, विष खाने, नाङ्गै बस्ने, जटा पाल्ने वा पालेका, घाँटीमा सर्पराजको माला लगाउने, खाने भाँडोको खप्पर लिएर हिँड्ने यस्ता पशुपति जसलाई जगदीशको पदवी प्राप्त छ...आदि भनिएको छ ।'

कथामा वर्णित शिवलाई प्रत्यक्षतः आजका शिवभक्तहरू कसैले पनि देखेका होइनन् । कथामा शिवको बाबुआमा नभएको, जातकुलको थाहा नभएको, घरबार नभएको, कुनै चिन्ता नभएको, झरी र नदीको पानीले जिउ र घाँटी भिजाउने, मसानको खरानी घसेर न्यानो पाउने, वनजङ्गलमा जे भेटिन्छ त्यसैको आहार गर्ने, शिवका साथी पनि कुनै धनीमानी, सभ्य मानिस नभएर सामान्य झुत्रेझाम्रे भएको, गोरूमा चढेर हिँड्ने, सर्पलाई घाँटीमा झुण्ड्याउने वनमा फल्ने रूद्राक्षको माला लगाउने आदि देवताका रूपमा चिनिन्छ । यी नै शिवका विशेषता हुन्, यही सादगीका लागि शिव पूजित छन् ।

यतिबेलाको संसार र समाज कति दुःखी छ । संरक्षण गर्ने जिम्मेवारीमा भएकाहरू संरक्षण गर्न नसकेर दुःखी होलान्, आश्रितहरू संरक्षण नपाएर दुःखी छन् । वर्ग नमिलेर सङ्घर्ष छ र सङ्घर्षका कारण दुःख छ । जात नमिलेका कारण सङ्घर्ष छ र सङ्घर्षका कारण दुःख छ । क्षेत्र र भाषा नमिलेका कारण सङ्घर्ष छ र सङ्घर्षका कारण दुःख छ । धर्म नमिलेका कारण सङ्घर्ष छ र सङ्घर्षका कारण दुःख छ । सङ्घर्षै सङ्घर्ष, दुःखै दुःख । सनातनका शिवबाट यस विषयको समाधान पाइन्छ ।

शिवको परिवार नहुँदाको चरित्रबारे सुरूमै उल्लेख गरिएको छ । उनी सपरिवार भएपछिको प्रसङ्ग अनुसार शिव घरमुली हुन् । यिनी सर्पको माला लगाउँछन् । यिनको वाहन नन्दी नामको गोरू हो । शिवकी अर्धाङ्गिनी पार्वती हुन्, यिनको वाहन सिंह हो । यिनीहरूका जेठा छोरा हुन् कार्तिकेय । यिनको सवारी साधन मयूर हो । कान्छा छोरा हुन् गणेश । यिनको शरीरको माथिल्लो भाग हात्तीको छ र यिनको वाहन मूसो हो । यिनीहरू हिमालयमा बस्दछन् । यिनीहरू सबैका काम पनि फरक-फरक छन् ।

यहाँ कति धेरै विरोधाभाष छ । सिंह हिंस्रक पशु हो । यसलाई पार्वतीले वाहन बनाएकी छन्, शिवको नन्दी यसको रूचीकर शिकार/भोजन हो । शिवको माला बनेको सर्प जेठा छोरा कार्तिकेयको वाहन मयूरको भोजन हो भने कान्छा छोरा गणेशको वाहन बनेको मूसो सर्पको आहारा

हो । वासस्थानका हिसाबले हात्ती, सिंह, मुसो, सर्प, नन्दी, मयूर कसैको लागि पनि हिमाल अनुकूल स्थान होइन । तर यो परिवार यी सबै वाहनसँगै हिमालयमा नै बसेको देखिन्छ ।

यो अत्यन्त राम्रो समन्वय र व्यवस्थापनको बिम्ब

हो । मिलाएर राख्न सक्दा विपरीतहरू मिलेर बस्न सक्दछन् भन्ने कुराको गतिलो उदाहरण हो । यो पुराण कथामा पढिएको विषय हो । हामी सूचना, प्रविधि र विकास भएको समयका सभ्य मानव हौं । अनेकौं साधनस्रोत तथा वैज्ञानिक उपकरणहरूले हाम्रो जीवन सहज बनेको समय हो । तर पनि हामी हिमाल, पहाड, तराई मिलेर बनेको सिङ्गो राष्ट्र र ती ती ठाउँका बासिन्दा मिलेर बस्न आनाकानी गरिरहेका छौं । एकता भनेको उस्तै-उस्तैमा होइन, पृथकतामा खोजिने विषय हो । मेलमिलाप र समन्वय उस्तै-उस्तैमा नभई फरक-फरकमा खोजिने विषय हो ।

शिव सङ्घर्षशील हुन् । उनको जीवन सङ्घर्षमय देखिन्छ । सङ्घर्ष सङ्घर्षका लागि मात्र होइन, शान्ति, प्राप्ति, व्यवस्था र व्यवस्थापनका लागि हो । शिव र शैवदर्शनबाट सिक्नुपर्ने विषय धेरै छन् । यहाँ पनि लागू हुन्छ, 'जाने विज्ञान, नजाने अन्धविश्वास ।'

शिवरात्रीमा भाङ्–धतुरो चढाउने र शिवलिङ्गमा दुग्धधारा बगाउनेहरू धार्मिक मानिन्छन् । त्यसो गर्ने विधि शास्त्रीय मानिन्छ । तर शास्त्र भनेको के हो ? शिव परिवारबाट के सिक्न सकिन्छ ? मानिस बेखबर छन् ।

आजको जमानामा समन्वय गरी मिलाएर राख्ने कुरा कुनै शक्तिशाली व्यक्तिले नभई संस्थाले गर्ने विषय हो । हामी नेपालीका सन्दर्भमा त्यो साझा संस्था भनेको राज्य हुन्छ । राज्यको नेतृत्व गर्न तम्सने व्यक्तित्वहरूले यो कुरा ध्यान दिन आवश्यक छ । धर्म, देवीदेवताका नाममा, कुलवंश, परम्पराका नाममा झगडा होइन, मेलमिलाप आवश्यक छ । हामीलाई हाम्रो सनातन संस्कृतिले दिएको शिक्षा यही हो । यो कथा हो, यसमा काल्पनिकता होला, तर अल्वर्ट आइन्स्टाइनले पनि 'ज्ञानभन्दा परिकल्पना शक्तिशाली हुन्छ' भनेका छन् । यस प्रसिद्ध उक्तिले पुराण र पौराणिक संस्कृतिका अनुयायीहरूलाई कहाँ राखेको छ, स्वतः स्पष्ट हुन्छ । यी विषय कल्पना नै हुँदा पनि शक्तिशाली छन्, तर पुराणहरू त ज्ञानका स्रोत नै हुन् ।

शिवको होस् वा अन्य देवताको, पूजा भनेको विनयशील संस्कृतिको निरन्तरता र सम्मानको निरन्तरता हो । यस्तो निरन्तरता पुरानोप्रतिको सम्मानको निरन्तरता हो । प्रकृतिमा रमाउने शिवका लागि साउनको झरी र जाडो मौसममा उनका नाममा धुनी बाल्ने कुरा बुझ्न कठिन छैन । शास्त्रले मानिसहरूलाई यस्ता अनेकौं विषय सम्झाएको छ ।

शास्त्र भनेको विज्ञान हो । अङ्ग्रेजीमा शास्त्रलाई साइन्स Science भनिन्छ । जस्तै : गृहविज्ञान (Home Science), राजनीतिशास्त्र (Political Science) आदि यसका उदाहरण हुन् । (तर Science(साइन्स)ले विज्ञानको भाव र पूर्ण सार वहन गर्न सक्दैन ।) पूर्वीय मान्यतामा शास्त्रहरूलाई 'श्रूति' र 'स्मृति' गरी दुई भागमा

बाँडिएको पाइन्छ ।

वेदका रचयिता ऋषिहरू हुन् । वेदमा भएका श्लोकहरूलाई मन्त्र र ऋचा भनेर भनिन्छ । मन्त्र यस कारण कि यसमा परामर्श (अर्ती/उपदेश/मन्त्रणा) हुन्छन् । परामर्श भनेको मानिसले मानिसलाई दिने हो । लेख्य परम्परा प्रारम्भ हुनुअघिको विषय भएकोले यस्ता कुरा सुनाउने-सुन्ने प्रक्रियाबाट अघि बढेकोले हुनुपर्छ यसलाई 'श्रुति' भनिएको ।

'श्रुति' शब्दको तात्पर्यार्थ 'सुन्न योग्य' भन्ने हो । स्वयं वेदका ऋचा/मन्त्रहरूको अध्ययन गर्दा वेदका रचयिता (मन्त्रद्रष्टा) ऋषिहरू धेरै छन् । यी सबै मन्त्रका आधार प्रकृति छन् । पृथ्वी, हावा, आकाश, पानी, तेज/प्रकाश (आगो/सूर्य/चन्द्र आदि) तथा प्रकृतिमा पाइने जीवजन्तु र वस्तुका गुण-दोषका विषयमा वेदका वाणी छन् । यिनको उपयोगका सन्दर्भहरू छन् । पृथ्वीको, प्राणीको उत्पत्तिको खोजी, अनुमान र यस बारेका धारणाहरू पनि वेदका विषय रहेका छन् । शासन, युद्ध, उत्पादन आदि पनि वेदका विषय बनेका छन् । सन्दर्भ अनुसार पुरूष भन्नाले 'व्यक्ति' या मानिस भन्ने बुझ्दा वेद कुनै व्यक्ति विशेषले रचना गरेको होइन भन्ने स्पष्ट छ र वेदलाई 'अपौरूषेय' भन्नुको तात्पर्य खुल्दछ ।

वेद चारवटा छन् । वेदलाई स्पष्ट पार्नका लागि उपनिषद्हरू छन् । वेदलाई विभिन्न विद्वान्हरूले भिन्नभिन्न कोणबाट आफ्ना धारणा प्रकट गरेको पनि पाइन्छ । यहीँबाट विरोधाभाषजस्ता पक्ष देखिन थालेका हुन् । वेदसँग सम्बन्धित यस्ता अनेकौँ जिज्ञासाहरूका विषयमा क्रमशः चर्चा हुँदै जानेछ ।

'स्मृति' भनेको मूलतः पुराणहरू हुन्, तर पुराणहरू मात्र होइनन् । सम्झन योग्य कुराहरू सम्झेर व्यवहारहरू गर्दै जाने अर्थमा यी वेदमा आधारित ग्रन्थहरूलाई 'स्मृति' भनिएको स्पष्ट हुन्छ । मनुस्मृति, नारदस्मृति, व्यासस्मृति, वशिष्ठस्मृति, यमस्मृति आदि स्मृतिग्रन्थहरू रहेको पाइन्छ । यी स्मृतिहरूको उद्देश्य भनेको वेदवर्णित आचार-विचारको प्रतिकूल नहुने गरी सरल भाषामा, कथानक तथा मनमोहक माध्यमबाट मानिसहरूलाई सम्झाउनु-बुझाउनु हो । त्यसैले यिनीहरूमा अनेकौं कथा हुन्छन् । अनेकौँ उदाहरणहरू, बिम्वहरू, प्रतीकहरू, उपमाहरू हुन्छन् । यस्ता प्रस्तुतिहरूको आधार र गहिराइ विज्ञानसम्मत हुन्छन् ।

माथि नाम उल्लेख गरिए बाहेकका पौराणिक ग्रन्थहरू १८ वटा छन् । व्यासरचित 'अष्टादश पुराण (अठ्ठार पुराण)' भनिएका यिनै पुराणहरूलाई हो । यिनीहरूका वर्णन हेर्दा घटना सन्दर्भ र काल एउटै होइन भन्ने देखिन्छ । तर यस्तो लेख्ने, सङ्कलन गर्ने, वाचन गरी सुनाउनेलाई ' व्यास' भनिने स्पष्ट छ । अहिले पनि मूल कथा वाचकलाई व्यास नै भनिने गरिएबाट यो कुराको पुष्टि हुन्छ । पौराणिक ग्रन्थहरूमा पनि २८ जना व्यास भएको उल्लेख छ ।

पुराण शब्दको अर्थ हो : प्राचीन आख्यान, पुराना कथा । 'पुरा' भनेको पहिलेको/विगतको र 'अण' भनेको बताउनु, भन्नु हो । व्यास एउटै थिएनन् । पुराण एकै समयमा लेखिएका थिएनन् । फरक-फरक व्यासले, फरक-फरक समयमा लेखेका, भनेका कथामा विरोधाभाषहरू रहनु स्वाभाविकै हो । यिनीहरूको रचना तथा प्रचार-प्रसार उद्देश्यमूलक थियो । समय बित्दै र फेरिँदै जाँदा यिनीहरू पुराना हुँदै गए । अनि यी पुराण बने ।

शास्त्रमा देवदेवी छन् । शास्त्रमा पढिने र सुनिने देवदेवीहरूका कथा पुराना भए । पौराणिक कथाका नायक देवताहरू हुन्छन् । महाकाव्यका नायक राजामहाराजा वा युद्धका विजेताहरू हुन्छन् । इतिहासका नायकहरू पनि विजेताहरू नै हुन्छन् । इतिहास वा कथा जसको होस्, नायक वा महानायक जोसुकै हुन्, उनीहरूका विषयमा गरिने अध्ययन वर्तमान र भविष्यको लागि उपयोगी हुने भएकै कारण यी पढिन्छन् ।

पुराणसाहित्यमा त यस्ता जीवनोपयोगी कथा र दृष्टान्तहरू त कति छन्, कति ! त्यसै कारणले त हो नि कथा सुनेर धर्म हुन्छ, मोक्ष पाइन्छ भनिएको । यी कथाहरूमा जीवनोपयोगी ज्ञान पाइन्छ । यहाँ अनेकौँ भक्तिका उपदेश पाइन्छ । यिनीहरूमा योगका विषयमा बताइने गरिन्छ । ज्ञान, भक्ति र योगका लागि कथा पुराणकथा सुन्न, अध्ययन गर्न आवश्यक छ । यस्तोमा वेद र पुराणहरू मन लगाएर पढेर ज्ञान लिन, कर्तव्य पालन गर्न र शान्ति प्राप्त गर्न सकिन्छ । सुनेर र पढेर मात्र होइन, अवलम्बन गरेर सफलता पाउन सकिन्छ ।❖

-त्रिवेणी, नवलपरासी

यदि तपाई धितोपत्र (शेयर, ऋणपत्र, सामूहिक लगानी योजनाको ईकाई आदि) मा लगानी गर्दै हुनुहुन्छ भने लगानी गर्नु अघि निम्न कुराहरुमा विशेष ध्यान दिनुहोस् ।

- धितोपत्रको मूल्यमा समय समयमा उतारचढाव आउन सक्ने भएकोले धितोपत्रमा लगानी गर्दा मूल्य उतारचढाव सम्बन्धी उपयुक्त सूचना लिई संयमित तथा विवेकशील भएर मात्र लगानीको निर्णय लिनुहोस् ।
- धितोपत्रमा गरिने लगानीमा प्रतिफल तथा जोखिम दुवै हुने हुँदा हल्ला, अनावश्यक प्रचार प्रसार वा कसैको बहकाउमा नलागी बजार तथा कम्पनीको बास्तविक बस्तु स्थिति बुझेर आफ्नो स्वविवेकमा नै लगानी सम्बन्धी निर्णय गर्नुहोस । साथै आफ्नो जोखिम बहन गर्न सक्ने क्षमताको मूल्याकंन समेत गर्नुहोस् ।
- धितापत्रको प्राथमिक बजारमा निष्काशन गरिने धितोपत्रमा लगानी गर्नुअघि धितोपत्र निष्काशनकर्ता कम्पनीको आव्हानपत्र तथा विवरणपत्र मार्फत प्रवाहित जानकारीहरू मूख्यतया कम्पनीको संस्थापक तथा व्यवस्थापन पक्ष, वित्तीय स्थिति (नेटवर्थ, नाफा नोक्सान स्थिति, आदि), लगानी योजना, जोखिम पक्ष, क्रेडिट रेटिङ्गको स्तर जस्ता कुराहरूको विश्लेषण गर्नुहोस् ।
- नेपाल धितोपत्र बोर्डमा दर्ता भएको तथा नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत धितोपत्रमा मात्र लगानी गर्नुहोस् ।
- धितोपत्रको दोस्रो बजारमा लगानी गर्दा सम्बन्धित कम्पनीको कार्य सम्पादन स्थिति, धितोपत्रको मूल्यमा प्रभाव पार्न सक्ने संवेदनशील सूचना जस्तै लाभांश घोषणा, हकप्रद शेयरको घोषणा, व्यवस्थापनमा परिवर्तन, भावी योजनाहरू, कम्पनीको आवधिक र वार्षिक प्रतिवेदनमा उल्लेखित वित्तीय सूचकांकहरू (Earning Per Share, Dividend Per Share, Price/Earning Ratio, Net Worth Per Share), पूँजी कोष अनुपात, निस्क्रिय कर्जा अनुपात आदि) धितोपत्रको मूल्य प्रवृत्ति, कम्पनीको साधारण सभाको निर्णय (माइन्यूट) जस्ता महत्वपूर्ण कुराहरूको अध्ययन गर्नुहोस् ।
- दोस्रो बजारमा कारोबार गर्दा कारोबार भएको दिनको दुई (२) दिन भित्रमा कारोबारको राफसाफ (T+2) हुनुपर्ने कुराको जानकारी लिनुहोस् ।
- आफूसंग भएको धितोपत्र (कागजी प्रमाणपत्र) लाई कारोबार योग्य बनाउन बोर्डबाट अनुमति प्राप्त निक्षेप सदस्यमार्फत अभौतिकीक रण गर्नुहोस् ।
- प्राथमिक बजारमा लगानी गर्न निक्षेप सदस्यकोमा हितग्राही खाता (Demat Account) खोली आफ्नो बैकं खाता रहेको बैंकबाट आस्वा वा सि-आस्वा रजिष्ट्रेशन नं. लिई अनलाईनबाट सहजरूपमा लगानी गर्नुहोस् । धितोपत्र बजारमा लगानी गर्न हितग्राही खाता (Demat Account) अनिवार्य गरिएको हुँदा, सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी लिमिटेड (सिडिएससी) तथा निक्षेप सदस्यसँग सम्पर्क राखी बैंक खाता सहितको ग्राहक परिचय विवरण (KYC Form) अनिवार्यरूपमा भरी हितग्राही खाता (Demat Account) खोलेर धितोपत्र खरिद बिक्री कारोवार गर्नुहोस् । आफूले खरिद गरेको धितोपत्र समयमै आफ्नो खातामा जम्मा भए/नभएको ध्यान दिनुहोस् ।
- धितोपत्र बजारमा देशको समग्र आर्थिक तथा राजनैतिक स्थितिले प्रत्यक्ष प्रभाव पार्ने भएकाले धितोपत्रमा लगानी गर्दा यसप्रति समेत सजग रहनुहोस् ।
- धितोपत्रको दास्रो बजारबाट कारोबार गर्दा सिधै नेप्सेको विद्युतीय कारोबार प्रणाली वा बोर्डबाट अनुमति प्राप्त धितोपत्र दलाल तथा तिनको शाखा कार्यालयबाट मात्र गर्नुहोस् ।
- धितोपत्र कारोवारमा रकमको लेनदेन गर्दा बैंक तथा वित्तीय संस्था मार्फत मात्र गर्नुहोस् ।
- लगानी विविधिकरण (Investment Diversification) बाट लगानीमा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न सघाँउ पुग्ने हुँदा लगानी विविधिकरणमा ध्यान दिनुहोस् ।
- दीर्घकालीन रूपमा गरिने लगानीले जोखिमको संभावनालाई न्युन गराउने हुँदा लगानी गर्दा यस तथ्यलाई समेत मनन गर्नुहोस् ।
- पूँजी बजार सम्बन्धी नीति, नियम तथा निर्देशनहरुले धितोपत्रको मूल्यमा असर पार्ने भएकाले सुसूचित निर्णयका लागि बोर्ड, नेप्से, नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय तथा बीमा समितिको वेबसाइट हेर्ने गर्नुहोस् ।
- लगानीकर्ताहरूलाई पूँजीबजार सम्बन्धी साक्षर बनाउने उद्देश्यले बोर्डले समय समयमा आफ्नो कार्यालयमा तथा विभिन्न जिल्लाहरूमा लगानीकर्ता सचेतनामुलक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएकोमा त्यस्तो कार्यक्रममा सहभागी हुनुहोस् ।
- बोर्डबाट रेडियो नेपालमार्फत प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार बिहान ७.४० देखि ७.५५ सम्म सञ्चालन गरिने धितोपत्र तथा वस्तु विनिमय रेडियो कार्यक्रम सुनेर बजार सम्बन्धी जानकारी लिनुहोस् ।
- लगानीकर्ताको अधिकार तथा जिम्मेवारी सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन नियम, कम्पनी ऐन तथा अन्य सम्बन्धित ऐन नियमहरूको साथै बोर्डबाट भएका व्यवस्थाहरूबारे जानकारी राख्न धितोपत्र सम्बन्धी ऐन नियमहरू र अन्य व्यवस्थाको जानकारी बोर्डको वेबसाइट (www.sebon.gov.np) तथा बोर्डको सम्बन्धित प्रकाशनमार्फत समेत हेर्नुहोस् ।

धितोपत्रमा लगानी सम्बन्धमा कुनै जिज्ञासा, गुनासा तथा उजुरीहरू भएमा बोर्डको वेवसाईटमा रहेको Grievance button मार्फत वा टोल फ्रि.नं. १६६०-०१-४४४३३ (निःशुल्क) वा हटलाइन नं ५५४४०७६ वा बोर्डको ठेगानामा पठाउनुहोस् ।

नेपाल धितोपत्र बोर्ड
पो.व. नं. ९०३१, खुमलटार, ललितपुर
फोनः ०१-५५४१०५७, ५५५११६२, ५५४४०७७, ५५५०५११
फ्याक्सः ०१-५५४१०५८ टोल फ्रि.नं. १६६०-०१-४४४३३
ईमेल ठेगानाः support@sebon.gov.np
वेबसाइटः www.sebon.gov.np

भक्तहरूका साथ कीर्तनानन्द

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

कहिले कर्मत्याग हुन्छ ?

साँझ पऱ्यो । दक्षिणको र पश्चिमपट्टिको बरण्डाहरूमा दीपक बालेको केहीबेर भइसकेको छ । श्रीरामकृष्णको कोठामा पनि दीप बालियो र कोठामा धूपधुँवार गरियो । श्रीरामकृष्ण आफ्नो आसनमा बसेर माताको नाम लिइरहनु भएको छ ।

कोठामा मास्टर, श्रीयुत प्रिय मुखर्जी र उनका आफन्त हरि बसेका छन् । केहीबेर ध्यान र चिन्तन गरेपछि श्रीरामकृष्ण भक्तहरूसँग वार्तालाप गर्न लाग्नुभयो । अब श्रीविष्णुमन्दिरमा आरती हुन मात्र बाँकी छ ।

श्रीरामकृष्ण–(मास्टरसँग) जो रात दिन उहाँकै चिन्तन गरिरहन्छ, उसको लागि सन्ध्या गर्नुको के आवश्यकता छ ? "सन्ध्या गायत्रीमा लीन हुन्छ र गायत्री ओंकारमा । "एकचोटि ॐ भन्नासाथै जब समाधि लाग्छ तब बुझ्नु अब साधु साधन भजनमा पक्का भयो ।

"हृषीकेषमा एक जना साधु थियो, ऊ सबेरै उठेर एउटा ठूलो झर्ना भएको ठाउँमा गएर उभिएको हुन्थ्यो । दिनमा त्यहीँ झर्ना हेरिरहन्थ्यो र ईश्वरलाई भन्थ्यो, 'वाह ! खुव बनाएका छौ तिमीले । कस्तो आश्चर्यको कुरा छ ।' उसका लागि जप– तप केही छैन । रात परेपछि आफ्नो कुटीमा फर्केर जान्थ्यो ।

"निराकार वा साकार आदि यी सब कुराहरू सोची बस्ने के आवश्यकता छ र ? निर्जनमा व्याकुल भई रोएर उहाँसँग प्रार्थना गर्दाखेरि नै काम बन्नेछ । भन, हे ईश्वर हजुर कस्तो हुनुहुन्छ, मलाई बताइ दिनुहोस्, मलाई दर्शन दिनुहोस् ।

"उहाँ भित्र पनि हुनुहुन्छ । बाहिर पनि हुनुहुन्छ । "भित्र पनि उहाँ नै हुनुहुन्छ । यसैले वेद भन्दछ– तत्त्वमसि । बाहिर पनि उहाँ नै हुनुहुन्छ । मायाले अनेक रूपमा देखिनुहुन्छ । तर वस्तुतः हुनुहुन्छ उहाँ नै । यसै कारण सबै नामहरूको र रूपको वर्णन गर्नुभन्दा पहिले भनिन्छ, ॐ तत्सत् ।

"दर्शन गरेपछि एक प्रकारको ज्ञान हुन्छ र शास्त्रहरूबाट अर्को प्रकारको । शास्त्रहरूमा त्यसको आभास मात्र पाइन्छ । यसैले धेरै शास्त्रहरू पढ्नुको कुनै आवश्यकता छैन । यो भन्दा निर्जनमा एकान्तमा उहाँलाई पुकार्नु वेश हो । "गीता पुरै नपढेर पनि काम चल्दछ । दश चोटि गीता गीता भन्दा जे हुन्छ, त्यही गीताको सार हो, अर्थात् त्यागी । अर्थात् हे जीव सबथोक त्याग गरी ईश्वरको आराधना गर, ईश्वरका शरणमा जाऊ यही गीताको सार हो । "

श्रीरामकृष्णलाई भक्तहरूसँग कालीको आरती हेर्दा हेर्दै भावावेश भइरहेको छ । अब देवीप्रतिमाको अगाडि भूमिष्थ भएर प्रणाम गर्न सक्नुहुन्न । अझ पनि भावावेश नै छ । भावावस्थामा वार्तालाप गरिरहनु भएको छ ।

मुखर्जीका आफन्त हरिको उमेर अठार–बीस बर्षको हुँदो हो । उनको विवाह भएको छ । यस बेला मुखर्जीहरूकै घरमा बसेका छन् । कुनै काम गर्न खोज्दैछन् । श्रीरामकृष्णमाथि ठूलो भक्ति छ ।

श्रीरामकृष्ण– (भावावेशमा हरिसँग) तिमी आफ्नी आमासँग सोधेर मन्त्र लिनू । (प्रियसँग) म यिन (हरि)लाई

भन्न पनि सकिनँ, मन्त्र त मैले दिने गरेको छैन । "तिमी जस्तो ध्यान, जप गर्छौ, त्यसै गरिरहनू ।"

प्रिय– जो आज्ञा ।

श्रीरामकृष्ण– अनि म यस अवस्थामा तिमीलाई भनिरहेछु । यहाँका कुरामा विश्वास गर्नू हेर, यहाँ ढोंग इत्यादि केही छैन ।

"मैले भावावेशमा भनेको छु । आमा जो (मानिसहरू) अन्तर देखिकै प्रेरणा लिएर यहाँ आउँछन् ती सिद्ध होऊन् ।"

सीतीका महेन्द्र वैद्य बरण्डामा आएर बसे । उनी श्रीयुत रामलाल हाजरा आदिसँग कुरा गरिरहेछन् ।

श्रीरामकृष्ण आफू बसेकै ठाउँबाट उनलाई बोलाउनु हुन्छ– महेन्द्र, महेन्द्र ! मास्टरले जुरुक्क उठेर वैद्यराजलाई बोलाएर ल्याए ।

श्रीरामकृष्ण– बस्, केही त सुन लौ ।

वैद्यराज केही लज्जित जस्ता भए । बसेर श्रीरामकृष्णका उपदेश सुन्न लागे ।

श्रीरामकृष्ण– (भक्तहरूसँग) कैयौ प्रकारले उनको सेवा गर्न सकिन्छ । प्रेमीभक्त उहाँलाई लिएर कैयौँ किसिमले सम्भोग गर्दछ । "कहिले त ऊ सोच्दछ, ईश्वर पद्म हुनुहुन्छ र ऊ भवँरा हो । र कहिले ईश्वर सच्चिदानन्दसागर हुनुहुन्छ र ऊ माछो हो ।

"प्रेम भक्त कहिले ठान्छ ऊ ईश्वरको नर्तकी हो । यस्तो ठानेर ऊ उहाँको अगाडि नृत्य गर्न थाल्दछ । गीत सुनाउन लाग्दछ । कहिले सखीभाव वा दासीभावमा रहन्छ । कहिले चाहिँ उहाँप्रति वात्सल्यभाव राख्दछ जस्तो यशोदाको थियो । कहिले पतिभाव, मधुरभाव जस्तो गोपिनीहरूको थियो ।

"बलरामको पनि सखीभाव थियो र कहिले उहाँ सोच्नुहुन्थ्यो, म कृष्णको छाता या लाठी बनेको छु । सबै प्रकारले उहाँ कृष्णको सेवा गर्नुहुन्थ्यो ।

"चैतन्यदेवका तीन अवस्थाहरू थिए । जब अन्तर्दशा हुन्थ्यो, तब उहाँ समाधिलीन हुनुहुन्थ्यो । त्यस बखत बाहिरी ज्ञान बिल्कुलै हुन्न थियो । जब अर्धबाह्य दशा हुन्थ्यो, तब नृत्य गर्न सक्नुहुन्थ्यो तर बोल्न सक्नु हुन्थेन । बाह्यदशामा उहाँ संकीर्तन गर्नुहुन्थ्यो ।

(भक्तहरूसँग) "तिमीहरू यी सबै कुरा सुनि त रहेछौ तर धारण गर्ने चेष्टा गर्नू । विषयीहरू जब साधुको नजिकमा आउँछन् विषय चर्चा र विषयको चिन्तनलाई बिल्कुलै लुकाएर आउँछन् । जब यताबाट जान्छन् ती विषय चिन्तनलाई फेरि निकाल्छन् । परेवा केराउ दाना खान्छ, लाग्दछ, निलेर पचाइसक्यो । तर होइन, घाँटीभित्र थुपारेर राख्छ । घाँटीभरी केराउ हुन्छ ।

"सबै काम छोडेर पनि तिमी सन्ध्यासमयमा उहाँको नाम स्मरण गर । अध्यारोमा ईश्वरको संभना आउँछ ? यस्तो भाव आउँछ अघि भरखर त सबै देखिएको थियो, अहिले कसले यस्तो गऱ्यो । मुसलमानहरूलाई हेर त, सबै काम छोडेर ठीक समयमा गएर नमाज पक्कै पढ्छन् ।

मुखर्जी– हजुर, महाराज जप गर्नु राम्रो हो ?

श्रीरामकृष्ण– हो, जपबाट ईश्वर भेटिनुहुन्छ । एकान्तमा उहाँको नाम जपिरहँदा खेरि उहाँको कृपा हुन्छ, यस पश्चात् दर्शन ।

"जस्तो पानीमा काठको मुढो डुबाएको छ तर फलामको सिक्रीले बाँधिएको छ, त्यही सिक्री समात्दै गयौ भने पक्कै काठ छुन सक्ने छौ । "पूजाको अपेक्षा जप ठूलो हो । जपभन्दा ध्यान ठूलो हो, ध्यानभन्दा बढी भाव हुनु र भावभन्दा बढी महाभाव या प्रेम हो । श्रीचैतन्यदेवलाई महाभाव वा प्रेम भएको थियो । यदि प्रेम हुन गयो भने मानौ ईश्वरलाई बाँध्ने डोरी पाइयो । (हाजरा आएर बसे) ।

हाजरासँग– "उहाँप्रति जब प्रेम हुन्छ, तब त्यसलाई रागभक्ति भन्दछन् । वैधी भक्ति जति शीघ्र आउँछ, त्यति नै शीघ्र जान्छ पनि । रागभक्ति स्वयम्भू लिंग जस्तो हो । उसको फेद भेटिदैन । स्वयम्भू लिंगको जड काशीसम्म गएको हुन्छ ।

रागभक्ति अवतारलाई र तिनका सांगोपांग अंशहरूलाई हुन्छ ।"

हाजरा– आहा !

श्रीरामकृष्ण– तिमी जब एक दिन माला जपिरहेका थियौ, म त्यस बखत जंगल भएर आइरहेको थिएँ । मैले भनेँ– आमा, यसको बुद्धि त बढो हीन रहेछ, यो यहाँ आए पनि माला जपिरहेछ । जो पनि यहाँ आउनेछ, उसलाई तत्कालै

चैतन्य हुनेछ ।

उसले माला जप्नु यी सब यति गरिरहनु पर्दैन । तिमी कलकत्ता जाऊ त देख्नेछौ, त्यहाँ हजारौं मानिसहरू माला जपिरहेछन् वेश्याहरूसम्म पनि ।

श्रीरामकृष्ण मास्टरलाई भन्दै हुनुहुन्छ– तिमी नारायणलाई भाडाको गाडीमा लिएर आउनू । "यिनीसँग (मुखर्जीसँग) नारायणको कुरा राख्छु । ऊ आएपछि उसलाई खुवाउने छु । उसलाई खुवाउनुको धेरै अर्थ छ ।"

कीर्तनानन्दमा श्रीरामकृष्ण

आज शनिवार हो । श्रीयुत केशव सेनका दाजु नवीन सेनको कोलुटोलको घरमा श्रीरामकृष्ण पाल्नुभएको छ । ४ अक्टुवर १८८४ ई. ।

गएको बृहस्पतिबारको दिनमा केशवकी माताले श्रीरामकृष्णलाई निम्तो दिएर जसरी भए पनि आउनको लागि भनेर गएकी थिइन् । बाहिरपट्टिको माथिको कोठामा गएर श्रीरामकृष्ण बस्नुभयो । नन्दलाल आदि केशवका भतिजा, केशवकी आमा, तिनका बन्धु, वान्धव सबै श्रीरामकृष्णको खुब स्वागत गरिरहेका छन् । माथिको कोठामा पनि संकीर्तन हुन लाग्यो । कोलुटोलका सेन परिवारका धेरै नै महिलाहरू आएका छन् ।

श्रीरामकृष्णका साथमा बाबुराम, किशोरी तथा अरू पनि एक दुई भक्तहरू आएका छन् । मास्टर पनि आएका छन् । उनी तल कोठामा बसेर श्रीरामकृष्णको संकीर्तन सुनिरहेका छन् । श्रीरामकृष्ण ब्राह्म भक्तहरूलाई भनिरहनुभएको छ, 'संसार अनित्य छ । मृत्युप्रति सधै नै ध्यान राख्नु पर्दछ ।' श्रीरामकृष्ण गाउन लाग्नुभयो ।

(भावार्थ) "मन ! विचार गरेर हेर् । कोही कसैको छैन । यस संसारमा तँ व्यर्थैमा फन्को मार्दै घुम्दछस् । माया जालमा फँसेर दक्षिणकालीलाई कहिलै नबिर्सनू । यस संसारमा दुई वा तीन दिनको लागि मात्र लोकले मालिक, मालिक भन्दछ । जब कालरूपी मालिक आउँछन् तब पहिलाका ती मालिकलाई मानिसहरू मसानमा फालेर आउँछन् । जसको लागि चिन्ता गरी गरी तिमी मरिरहेको छौ, के ऊ तिमीसँग पनि जान्छ ? तिम्री त्यही प्रेयसी तिमी मरेपछि अमंगलको आशंका गर्दै गोबरले घर लिपपोत गर्न थाल्छे ।

श्रीरामकृष्ण भन्दै हुनुहुन्छ– "डुब डुब । माथि माथि उत्रिरहेर के हुन्छ ? केही दिन एकान्तमा सबथोक छोडेर उहाँप्रति सोह्रै आना मन दिएर उहाँको पुकारा गर ।"

श्रीरामकृष्ण गाउनुहुन्छ– ए मन, रूपको समुद्रमा तँ डुबिजा । तलातल र पातालमा खोज गर्दाखेरी तँलाई प्रेमरूपी रत्न मिल्नेछ ।

श्रीरामकृष्ण ब्राह्मभक्तहरूलाई, 'तिमी मेरो सर्वस्व हौ' भन्ने गीत गाउनका लागि भन्नुहुन्छ । ब्राह्मभक्तहरूको गीत भएपछि श्रीरामकृष्णले श्रीकृष्णका बारेमा एउटा गीत गाउनुभयो । यही गीत सुनेर केशव सेनले यसको बराबरीमा अर्को एउटा गीत रचेका थिए ।

अब श्रीरामकृष्ण गौरांग–कीर्तन गर्न लाग्नुभयो । भक्तहरूसँग धेरै बेरसम्म नाचगान भइरयो । (भाग–१) समाप्त)

अनुवादक– प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

श्रीरामकृष्णवचनामृतबाट अनुदित

श्रीरामकृष्णवचनसुधा

नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण



श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला–

श्रीरामकृष्ण आश्रम, नेपाल

ज्ञानेश्वर काठमाडौं,

मोवायल: ९८०३४७३०३७

वेदका रक्षक हयग्रीव

–सहप्रा. डा. बिनु बाबा अर्याल

'को धर्मः सर्व धर्मार्णा भवतः परमोमतः किं जयन्मुच्यते जन्तुर्जन्मसंसार बन्धनात्।'

युधिष्ठिरले भीष्मपितामहसँग प्रश्न गर्नुभयो– हे पितामह ! हजुर समस्त धर्महरूमा कुन धर्मलाई श्रेष्ठ मान्नुहुन्छ ? कुन त्यस्तो जपनीय तत्त्व छ, जसको जप गर्नाले जीव जन्म संसार बन्धनबाट मुक्त हुन सक्तछ ? यस्ता प्रश्नको निराकरण गर्दै भीष्मपितामहले भजनीय, जपनीय, अन्तिम सार तत्त्वका रूपमा भगवान् श्री विष्णुको नाम मन्त्र अनुष्ठानको महिमा व्यक्त गर्नुभयो– 'विश्व विष्णु' ।

विश्व नै विष्णु र विष्णु नै विश्वरूप हो । विष्णुको सर्वव्यापकता, विष्णु तत्त्व, विश्वव्यापी शक्ति जो व्याप्त छ, प्रत्येक कणकणमा प्रवेश छ र प्रत्येक कण उसका आधारमा छन् । त्यो नै विष्णु हो । त्यसैले सम्पूर्ण जगत श्रीभगवान् नारायणमा अधिष्ठित छ । उहाँ निर्गुण भएर पनि सृष्टिका समयमा सगुण हुनुहुन्छ ।

कार्यप्रयोजन अनुसार भगवान् विष्णुले विभिन्न अवतारहरू लिनुभएको छ । हयग्रीव पनि भगवान् विष्णुको एक अवतार हो, जुन उहाँको २४औं अवतार अन्तर्गत पर्दछ । घाँटीभन्दा माथिको भाग घोडा र घाँटीभन्दा मुनिको भाग मान्छेको जस्तो भएको रूपलाई हयग्रीव भनिन्छ । सम्पूर्ण जगत्लाई धारण गर्ने श्री हरिले पूर्वकालमा यो अद्भूत रूप किन धारण गर्नुभयो ? त्यो अत्यन्त बलशाली अपूर्व रूप धारण गर्ने हयग्रीवको दर्शन गरेर ब्रह्माले के गर्नुभयो ? यस प्रश्नको उत्तरमा व्यासको आज्ञाले राजा जन्मेजयलाई वैशंपायले सुनाएका थिए । जो यस प्रकार छ– यस जगतमा जति प्राणी छन्, ती सबै ईश्वर सङ्कल्पद्वारा उत्पन्न भएका र पञ्चमहाभूतको कार्य हुन् । विराटस्वरूप भगवान् यस जगत्का ईश्वर स्रष्टा हुनुहुन्छ । उहाँ सबै जीवको अन्तरात्मा सगुण र निर्गुण रूपको हुनुहुन्छ ।

जव प्रलयकाल उपस्थित हुन्छ, तव यी पृथ्वी जलमा लय हुन्छिन्, जल तेजमा, तेज वायुमा, वायु मनमा, मन महतत्त्वमा, महतत्त्व अव्यक्त प्रकृतिमा, अव्यक्त प्रकृतिमाया विशिष्ट ईश्वरमा, ईश्वर सर्वव्यापी परमात्मामा लय हुन्छ । त्यस वखत सर्वत्र अन्धकार छाउँछ । कुनै कुरा पनि देखिंदैन । त्यही तमबाट जगत्को कारण ब्रह्म (परमव्योम) प्रकट हुन्छ । तमको मूल हो अधिष्ठान (आधार), भूत (सृष्टिको चेतन, अचेतन सबै पदार्थ) अमृततत्त्व हो, त्यो अमृततत्त्व तमले संयुक्त भई सबै नाम रूपमान्तक प्रपन्चलाई प्रादुर्भाव गर्दछ । विराटस्वरूपको आश्रय लिएर रहन्छ, त्यसै अवस्थामा विद्या, शक्तिले सम्पन्न सर्वव्यापी भगवान् हरि पनि योग निद्राको आश्रय लिई जलमा रहेको शेषशय्यामा शयन गर्नुभएको थियो । त्यस समयमा उहाँले निष्क्रिय भएर ज्ञानशक्तिलाई अक्षुण्ण राखी योग निद्राको आश्रय लिएर उहाँले नाना गुणले उत्पन्न हुने जगत्को अद्भूत सृष्टिका विषयमा विचार गर्दा गर्दै महतत्त्वको स्मरणबाट अहंकार प्रकट भयो त्यो अहंकार नै ब्रह्मा हो जो सबैको पितामह हो । हिरण्यगर्भ नामले प्रसिद्ध छ ।

नारायण भगवान्को नाभि कमलबाट ब्रह्माको प्रादुर्भाव भयो । अद्भूत रूपधारी ब्रह्मा सहस्रदल कमलमा बसी यताउता हेर्दै रहँदा उहाँ जुन कमलमा रहनु भएको थियो, त्यसमाथि दुई थोपा जल थियो, जुन रजोगुण र तमोगुणको प्रतीक थिये । एक थोपा तमोगुण मधु नामक दैत्यको आकारमा र अर्को थोपा रजोगुणद्वारा कैटभ नाम भएको दैत्य प्रकट भयो । यी दुई दैत्य मधु र कैटभ धेरै बलिया थिए । ती आफ्ना हातमा गदा लिई कमलनालको अनुसरण गर्दैअगाडि बढ्न थाले । तिनले कमल पुष्पमा आसन कसी बसेका एवम् सृष्टि रचनामा लागेका तेजस्वी ब्रह्मालाई ब्रह्मरूप विष्णु भगवान्द्वारा सबै भन्दा पहिले ब्रह्माको सृष्टि गरेर फेरि उनलाई वेद प्रदान गर्नुभयो ।

ब्रह्मासित रहेका चारै वेदलाई ती दैत्यहरूले देखे । ब्रह्माले हेर्दा हेर्दै वेदलाई हरण गरेर लगे । सनातन वेदलाई हरण गर्ने ती दानव उत्तरपूर्ववर्ती महासागरमा घुसी तुरुन्त रसातलमा पुगे । वेद हरण भएकोले ब्रह्मालाई बडो दुःख भयो । वेदले बञ्चित भएका ब्रह्माले बडो दुःखित भई मनैमनले परमात्मालाई वेदको महिमा बारे बताउँदै वेद नै आफ्नो आँखा हो, परमबल हो, आश्रय र सर्वोत्तम उपाख्य वेद हो जसलाई यी दानवहरूले हरण गरे त्यो दिलाई दिनुहोस् भनी स्तुति गर्नुभयो ।

ब्रह्माको यस्तो स्तुति सुनी सबैतिर मुख भएका

अन्तर्यामी भगवान्, त्यसै बखत निद्रा त्यागेर वेदको रक्षा गर्न तत्पर हुनुभयो । उहाँले आफ्नो ऐश्वर्यको बलले अर्को शरीर धारण गर्नुभयो । जो चन्द्रमा समान कान्तिमान, राम्रो नाक, घोडाको जस्तो गर्धन र मुखले युक्त थियो । हयाग्रीवको रूप धारण गरेका ती जगदीश्वर त्यहाँबाट अन्तरध्यान भएर रसातलमा प्रवेश गरी परम योगको आश्रय लिई उदात्त आदि स्वरले सामवेद गान गर्न लाग्नुभयो । नाद र स्वरले युक्त सामगानको मधुर ध्वनि रसातलमा सर्वत्र फैलियो । जुन सबै प्राणीको निम्ति गुणकारक थियो । ती दुवै दानवले त्यो शब्द सुनी वेदलाई काल पाशले बाँधी रसातलमा फ्याँके र आफू ध्वनि आएतर्फ दोडिए । यसै बीचमा हयग्रीव रूपधारी भगवान्ले रसातलमा रहेका सबै वेदलाई लिएर ब्रह्मालाई फिर्ता दिनुभयो । भगवान्ले महासागरको पूर्वोत्तर भागमा वेदको आश्रयभूत हयग्रीव रूपको स्थापना गरी आफूले पहिलेकै रूप लिनुभयो । त्यसै समयदेखि भगवान् हयग्रीव त्यहीं रहन थाल्नुभयो ।

यता वेद ध्वनि आएको स्थानमा आउँदा मधु कैटव दुवै दानवले केही पनि देखेनन् र बडो वेगले गई आफूले वेद राखेको ठाउँमा हेर्दा त्यहाँ वेद देखेनन् । त्यो स्थल पनि शून्य थियो । तव ती दुवै बडो वेगले रसातलबाट माथि आए । पानी माथि शेष नागको शैय्या थियो । त्यसमाथि सत्वगुणले सम्पन्न मनोहर कान्तिले युक्त आदिकर्ता भगवान् नारायण सुतिरहनुभइको देखे ।

यस्तो भगवान्को रूप देखेर ती दुवै दानव जोर जोरसँग हाँसेर खिसि गर्दै परस्परमा भन्न लागे– यो सुतेको गोरो पुरुषले नै रसातलबाट वेद ल्याएको हो । यो को हो ? कसको छोरो हो ? किन सर्पको शरीरमा सुतेको छ ? यस्तो आफू आफूमा कुरा गर्दै ती दुईले भगवान्लाई जगाए । पुरुषोत्तम भगवान्ले पनि तिनलाई युद्धमा उत्सुक भएको जानी उठेर ती दैत्यहरूलाई हेरी मनमनै युद्ध गर्ने निश्चय गर्नुभयो ।

ती दुवै दैत्यसँग भगवान् नारायणले युद्ध गरी रजोगुण र तमोगुणले आविष्ट ती दुवै दानवलाई मारी वेद फिर्ता ल्याई ब्रह्माको शोक पीडा हटाउनुभयो ।

वेदको महान् भाष्यकार श्री रायणाचार्यजीले आफ्नो वेद भाष्यमा लेख्नुभयो–

यस्य निः श्वसितं वेदा यो वेदेभ्योऽखिलं जगत्।
निर्ममे तमहं बन्दे विद्यातीर्थ महेश्वरम्॥

अर्थात् वेद ईश्वरको निःश्वास हो । परमेश्वरद्वारा

निर्मित हो । वेदबाट नै समस्त जगत्को निर्माण भएको हो । वेदलाई अपौरूषेय भनिन्छ । उपनिषद्हरूमा यो कुरा बताइएको छ कि सृष्टिको आदिमा परमात्मा प्रभुले ब्रह्मालाई प्रकट गर्नुभयो । र उहाँलाई समस्त वेदको ज्ञान दिनुभयो । वेदको अर्थ हो ज्ञान जान्नु । ज्ञानको पराकाष्टा, पराज्ञान, परब्रह्म, परमात्मा अक्षर भन्दा पनि परको ब्रह्मज्ञान नै वेदको अन्तिम लक्ष्य हो ।

वास्तवमा वेद विश्व वाङ्मयको अमूल्य निधि हो । सनातन संस्कृतिको गौरवगाथा वेदबाट नै प्रारम्भ हुन्छ । अतः वेदवाणी दिव्य छ, नित्य छ साथै आदि अन्त्य रहित छ ।

सर्वं विदुर्वेदविदो वेदे सर्वं प्रतिष्ठितम्
वेदे हि निष्ठा सर्वस्य यद् यदस्ति च नास्ति..।

(महाभारत शान्तिपर्व २७०/४३)

सृष्टिको आदिमा स्वयम्भू परमेश्वरद्वारा वेदको प्रादुर्भाव भएको हो । त्यसैले वेदो नारायणः साक्षात् स्वयम्भूरिति शुश्रुम भनेर हाम्रा पुज्य महर्षिहरूले वेदको अपार महिमा अभिव्यक्त गरेका छन् । धर्मको साथसाथ अध्यात्म मर्यादा, ज्ञान, विज्ञान, कला, कौशल, शिल्प, उद्योग आदि यस्तो कुन विषय छैन जसको प्रतिपादन वेदले नगरेको होस् । आश्चर्य त तव हुन्छ जव नविन, अत्याधुनिक भनिने वैज्ञानिक आविष्कारका सन्दर्भसूत्र पनि वेदमा दृष्टिगत हुन्छ । त्यसैले वेद सनातन हो, पूर्ण हो र सर्वविद् ज्ञानविज्ञानको आधार हो । त्यसैकारण ऋषिमुनिहरूले वेदलाई अक्षय ज्ञानको सिन्धु तथा समस्त धर्मको मूल बताएका छन् । महाराज मनुले वेदलाई 'वेदोऽखिलो धर्ममूलम्' अर्थात उपनिषद्, दर्शन, पुराण आदि सबै धर्मग्रन्थहरूको मूल आधार नै वेद हो भनेका छन् । वास्तवमा जीव, जगत्, प्रकृति र परमात्माको स्वरूपको वास्तविक ज्ञान नै वेदको स्वरूप हो ।

ज्ञानतत्त्व जतिको पवित्र वस्तु अर्को नभएकोले ज्ञानलाई सर्वत्र स्तुत्य, सम्माननीय, सर्वस्वीकृत र सर्वोच्च भनिएको छ । गीतामा श्रीकृष्णले भन्नुभएको छ– नहि ज्ञानेन सदृशं पवित्रमिह विद्यते ।

ज्ञानभन्दा पवित्र अर्को छैन । त्यसपछि वेदद्वारा सम्मानित र भगवान्द्वारा सुरक्षित रहेको ब्रह्माले समस्त चराचर जगतको सृष्टि गर्नुभयो । यस प्रकार सृष्टिकर्ता ब्रह्मालाई यो सम्पूर्ण जगत् आफूमै अडिएको देखाएर प्रकृति र पुरूषका स्वामी भगवान् विष्णु अन्तर्धान हुनुभयो ।

यसरी हयग्रीव रूपले मधुकैटव नामक दैत्यहरूलाई मारेर वेदको रक्षा गर्नुभयो । मत्स्य अवतारद्वारा सत्यव्रत मनुको रक्षा गर्नुभयो । वराह अवतारद्वारा पृथ्वीको उद्धार गर्नुभयो । कूर्म अवतारद्वारा अमृतका निमित्त मन्दराचल धारण एवम् हरि रूपले गजेन्द्रको उद्धार गर्नुभयो । वामन रूपले बलि माथि कृपा गर्नुभयो । परशुरामले ब्रह्मद्रोही क्षत्रीयहरूको तथा राम रूपले महाबलि रावणको संहार गर्नुभयो । कृष्ण अवतारमा ठूला ठूला दैत्यहरूको वध गरेर पृथ्वीको भार हर्नुभयो । हयग्रीवको रूप धारण गरेर भगवान् विष्णुले वेदको उद्धार गर्नुभएको प्रसंग श्रीमद्भागवत्को द्वितीय स्कन्धको सात अध्यायको एघारौं श्लोकमा वर्णन गरिएको छ ।

महाभारतको शान्ति पर्वमा पनि यस विषयमा चर्चा गरिएको छ । भगवान् विष्णुले हयग्रीव अवतार लिनुको कारण श्रीमद्देवीभागवतमा पनि वर्णन गरिएको छ । जस अनुसार सूतजीले ऋषीहरूलाई बताउँदै भन्नुभयो कि– भगवान् विष्णु परम तेजस्वी एवम् देवताहरूको पनि देवता हुनुहुन्छ । उहाँको लीला बडो विचित्रको छ । एकपल्टको कुरा हो भगवान् श्रीहरि दैत्यहरूसँगको घमासानको युद्धमा लाग्दा थाकेर आफ्नो स्थान वैकुण्ठमा गएर बस्नुभयो । उहाँ बसेको समयमा निद्रामा रहनु भएको थियो । त्यो निद्राबाट ब्युँझ्याएर युद्धमा सामेल गराउनका लागि ब्रह्माले भ्रम्री नामक किराले धनुषको प्रत्यंचा काट्दा त्यो प्रत्यंचा भुईमा खसी ठूलो आवाज आयो र तत्काल भगवान् विष्णुको मस्तक, कुण्डल र मुकुट सहित उडेर गयो । भगवान् हरिको विग्रह बिना मस्तकको भयो । त्यो घटनाबाट महामाया प्रकृतिमयी भगवती (जो सबै प्राणीका माता हुनुहुन्छ) आत्तिनुभयो ।

सूतजी भन्नुहुन्छ– ब्रह्माले भगवती देवीसँग भगवान् विष्णुको लागि प्राण दानको लागि आग्रह गर्नुभयो । अमृत पिलाएर देवताहरूलाई जीवित गराएर जगत्को रक्षा गर्नुहुने भगवान् हरिको पनि रक्षा गर्नुहोस् । यो किन भयो ? भन्ने प्रश्न राख्दा देवी भगवतीले भन्नुभयो कि एकपल्ट भगवान् विष्णु र देवी लक्ष्मी एकान्तमा बसिरहनुभएको थियो । त्यसै बेलामा भगवान् विष्णु देवीको मुख हेरेर हाँस्नुभयो ।

आफूलाई गिज्याएर हाँसेको सम्झेर देवी रिसाउनु भयो र तिम्रो यो मस्तक गिरोस् भनी श्राप दिनुभयो । यसै समयदेखि उहाँको शिर क्षीर समुद्रमा डुबुल्की मारिरहेको छ ।

यस्तै अर्को एउटा कारण पनि छ कि हयग्रीव नामक एउटा दैत्य थियो जो कठिन तपस्यामा बसेको थियो । भगवती देवीले उसको तपस्या देखेर वरदान दिने इच्छा गर्नुभयो । दानवले पनि खुशी भएर देवता दानव कसैले पनि उसलाई मार्न नसकोस् भनी माग्दा भगवतीले भनुभयो कि जन्म र मृत्यु निश्चित छ । त्यसमा कसैको पनि केही लाग्दैन । त्यो दिन सक्दिन तिमी अर्को बर माग भन्दा हयग्रीव दानले हयग्रीवको हातबाट मात्र आफू मर्ने वरदान माग्यो । मेरा नाम गरेकाले मात्र मलाई मार्न सकून भनी वर मागेकोले भगवान् विष्णुले हयग्रीव रूप धारण गर्नुभएको हो । देवीले तथास्तु भनेर अन्तरध्यान हुनुभयो । त्यस्तो वरदान पाएपछि ऊ सबैलाई सताउन थाल्यो । त्रिलोकमा उसलाई मार्न सक्ने कोही पनि थिएनन् किनकि उसले त्यस्तै वरदान देवीबाट लिएको थियो । त्यसैले ब्रह्माले घोडाको टाउको उतारेर भगवान् विष्णुको घाँटीमा जोडिदिनु अनी भगवती जगदम्बिकाको कृपाबाट त्यही क्षण भगवान् विष्णुले हयग्रीवको अवतार लिनुभयो र त्यस दानव हयग्रीवलाई नाश गर्नुभयो ।

परमात्मा कार्य साधनाका निम्ति जुन जुन शरीर धारण गर्न चाहन्छन् त्यो स्वयं गर्दछन् । जव भगवान् विष्णुको श्री विग्रहबाट निद्रा हट्यो त्यसै बेलामा आफ्नो अगाडि ब्रह्मा हात जोडेर बसेको देखी भगवान् विष्णुले सोध्नुभयो कि तपाई तपस्या छोडेर मेरो अगाडि किन उभिइरहनु भएको छ ? ब्रह्माले भन्नुभयो– मधु र कैटव दैत्य हजुरको कानेगुजीबाट उत्पन्न भएर निस्के । डरले म हजुरको छेउमा आएको हुँ ।

ब्रह्माले यति बताउँदै हुनुहुन्थ्यो दैत्य त्यहीं आएर ब्रह्मालाई उद्धारको लागि आह्वान गरे । भगवान् विष्णुले आफैं युद्ध गर्ने वचन दिनुभएकोले भगवान् विष्णु र मधुकैटव दैत्य बीच ठूलो युद्ध भयो । त्यसै बेला भगवती देवीलाई आकासमा देखी दुवै दैत्यहरू मोहित भएको देखेर भगवान् विष्णुले तिमीहरू बर माग म दिन्छु भन्दा बरू तिमीलाई बर हामी दिन्छौं, माग भनेर हूँकार गरे । यही मौकामा भगवान् विष्णुले मेरो हातबाट तिमीहरूको मृत्यु होस् भन्ने बर माग्नुभयो । घमण्डी दैत्यहरू आफू ठगिएको सम्झी भगवान् विष्णुको हातबाट भएको मृत्युलाई स्वीकारे । त्यसै समय सारा समुद्र दैत्यहरूको रगत र मज्जाले व्याप्त भएकोले पृथ्वीको नाम मेदीनी रह्यो ।❖

–बत्तीसपुतली, काठमाडौं

सन्दर्भ सामग्रीहरू

१. वेद कथांङ्क, कल्याण, गीताप्रेस
२. श्रीमद्भागवत
३. महाभारतको शान्तिपर्व
४. श्रीमद्देवीभागवत

भदौ महिनाका पर्व तथा विदा

१ सिंह सङ्क्रान्ति
२ वराह जयन्ती
४ नाग पञ्चमी व्रत
५ कल्की जयन्ती
६ तुलसीदास जयन्ती
७ गौरा पर्व (सम्बन्धित क्षेत्रमा)
१० पुत्रदा एकादशी व्रत
११ सोम प्रदोष व्रत
१२ विश्व आणविक परिक्षण विरूद्धको दिवस
१३ पूर्णिमा व्रत/विश्व बेपत्ता विरूद्धको दिवस
१४ जनै पूर्णिमा / रक्षा बन्धन/गाईजात्रा
१५ रोपाईं जात्रा
२० श्रीकृष्ण जन्माष्टमी
२२ निजामती सेवा दिवस/अन्तर्राष्ट्रिय साक्षरता दिवस
२४ अजा एकादशी व्रत
२८ कुशे औंसी / बुबाको मुख हेर्ने दिन/मोतीराम जन्मजयन्ती
२९ राष्ट्रिय बाल दिवस
३० गुंला पर्व समाप्ति/विश्व ओजोन तह बचाउ दिवस
३१ दर खाने दिन



नेपाल भूमि प्राचीनकालदेखि नै ऋषि महर्षिहरूको तपस्थलीको रूपमा परिचित छ । त्यसैको प्रभाव स्वरूप वर्तमान अवस्थामा पनि नेपालका विभिन्न ज्ञात-अज्ञात स्थानहरूमा धेरै योगीहरू, सन्त महन्तहरू, तप साधनामा लागिरहनु भएको छ । निरन्तर तपस्यारत यस्तै सन्त-महन्तहरू मध्यमा स्वामी चन्द्रेश अग्रणी स्थानमा हुनुहुन्छ । छिमेकी मुलुक भारतको वंगालमा जन्मिएर विगत ५० वर्षदेखि नेपाललाई तपोभूमि र कर्मभूमिको रूपमा लिँदैआउनु भएका स्वामीज्यू गत साउन २९ गते सोमबार ब्रह्मलीन हुनुभएको छ । भौतिक रूपले उहाँ हामी बीच नरहे पनि उहाँले दिनुभएको योगदानको कारण नेपाल र नेपालीको निम्ति मात्रै नभइ पूर्वीय संस्कृतिका अनुयायी सम्पूर्ण मानवका माझ उहाँ सदा जीवित रहिरहनुहुने छ । स्वामीज्यूको पार्थिव शरीरको विसर्जन गर्ने क्रममा समुपस्थित उहाँका चेला एवम् भक्तजनहरूले उहाँको स्मरणमा अभिव्यक्त गर्नुभएका उद्‌गारलाई तल संक्षिप्त प्रस्तुत गरिएको छ ।

स्वामी चन्द्रेशप्रति श्रद्धाञ्जली

-डा. वासुदेवकृष्ण शास्त्री, ज्योतिष एवम् वास्तुविद्



स्वामीजीसँगको दुईवटा सन्दर्भ जोड्न चाहन्छु । पहिलो सन्दर्भ, जतिबेला म कान्तिपुर टिभीमा कार्यक्रम प्रस्तोता थिए, उहाँका विचारबाट प्रभावित भएर मैले उहाँलाई टेलिभिजनमा प्रवचन दिन अनुरोध गरें, उहाँले स्वीकार्नुभयो र झण्डै डेढ वर्ष उहाँका प्रवचन टेलिभिजनमार्फत प्रसारण गरियो । यस कार्यक्रमले धार्मिक एवम् आध्यात्मिक जागरणमा ठूलो योगदान दिएको महसुस गरेको छु ।

दोश्रो सन्दर्भ, हाम्रो शास्त्रमा चौध विद्या र चौसठ्‌ठी कलाको वर्णन छ, त्यो चौसठ्‌ठी कलाकै ज्ञान स्वामीजीमा थियो । नेपाल र नेपालीलाई उहाँले जति ठूलो गुण लगाउनु भएको छ, त्यो कुनै बखान गरेर साध्ये छैन । उहाँ आजबाट भौतिक रूपमा हामीबाट विदा हुनुभएको छ । हामीले उहाँका मार्गदर्शक सिद्धान्तहरू शंखघोष, त्रिनीति शिक्षा, सरल जीवनमार्ग, पातञ्जली योगसूत्र लगायतका जति पनि पचासौं कृति छन् तिनीहरूलाई अनुसरण गर्न सकियो भने स्वामीजीलाई हामीले साँचो श्रद्धाञ्जली दिएको ठहरिने छ ।

-भरतराज पौडेल, साहित्यकार, धार्मिक अभियन्ता

गुरूदेवको समाधिस्त अवस्था आज भइरहेको छ । हजारौं भन्दिन म लाखौं उहाँका भक्तहरू छन् । उहाँको त्यागको, उहाँको तपस्याको, उहाँको सिर्जनाको उहाँको चित्रकारिताको, उहाँको आध्यात्मिक लेखनको र सबैलाई प्रेरणा दिनसक्ने यो युगकै एउटा उदाहरणीय सन्त हामीले आज शरीरको रूपमा गुमाएका छौं । उहाँप्रतिको श्रद्धा, उहाँप्रतिको आस्था, उहाँका सुकार्यहरूको सतत कीर्तन गर्ने काम युग युगसम्म गरिरहने हामी विश्वास राख्दछौं ।

-विमल कोइराला, अध्यक्ष, बूढानीलकण्ठ आश्रम विद्यालय व्यवस्थापन समिति



स्वामीजी हाम्रो मुटुको धड्कन हुनुहुन्थ्यो । मैले स्वामीजीसँग करिव २२ वर्ष संगत गरें । २२ वर्षको दौडानमा स्वामीज्यूबाट देशको लागि व्यक्तित्वको विकासको लागि उहाँले अविरल मार्ग निर्देश गर्दै जानुभयो । उहाँसँग विछोड हुन परेकोमा हामीलाई ज्यादै दु:ख लागेको छ । उहाँ ब्रह्मलीन हुनुभएको यस घडीमा

उहाँको यसपछिको यात्रा सफल होस् भन्ने कामना गर्न चाहन्छु । साथै म विद्यालयको अध्यक्ष पनि भएको कारणले आश्रम परिवारको तर्फबाट समेत हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । उहाँको बहुआयामिक व्यक्तित्वमा कला, कृति, खेल, अध्यात्म, योग, ज्ञान चर्चा यी आदि अविरल धाराप्रवाह भइरहन्थ्यो । त्यो धाराप्रवाहबाट अहिले हामी केही समयको लागि छुट्टिनुपरेको छ, यस घडीमा हामी ज्यादै नै भावविह्वल भएका छौं ।

-विश्वबन्धु, स्वामीजीका चेला

गुरूदेव अनेक प्रतिभाको धनी हुनुहुन्थ्यो । गीतकार



हुनुहुन्थ्यो, संगीतकार हुनुहुन्थ्यो, आर्टमा पोख्त हुनुहुन्थ्यो । सबैभन्दा ठूलो म त उहाँलाई ब्रह्मर्षि मान्दथे । मैले आज जे पनि उन्नति गर्न सकेको छु यसमा गुरूदेवकै सम्पूर्ण श्रेय छ । गुरूदेवको नेपाललाई हिन्दु राष्ट्र बनाउने ठूलो इच्छा थियो । आज उहाँ हामीबाट विदा हुनुभएको छ । गुरूदेवको साहित्यको प्रचार र हिन्दु राष्ट्रको उहाँको चाहनालाई पूरा गर्न म र मेरो परिवार जीवनभर लागिनै रहने छौं ।

-ब्रह्मप्रिय प्रेमस्वरूप, साहित्यकार

मैले स्वामीज्यू महाराजसँग २०४७ सालदेखि संगत गरेको हुँ र २०५१ सालदेखि उहाँको शिष्यत्व ग्रहण गरेको हुँ । यहाँ बसेर मैले जे देखें जे पाएँ, उहाँ एउटा अद्भूत व्यक्ति हुनुहुन्थ्यो । आज एउटा सूर्य महासूर्यमा विलय भएको अनुभूति गरेको छु । उहाँ वहुप्रतिभाका धनी हुनुहुन्थ्यो । दिनमा मात्रै होइन रातमा लेखन र चित्रकलाको काम गरिरहनुहुन्थ्यो । शुरू शुरूमा त विद्यार्थीहरूलाई उहाँले आफ्नो कोठामै बोलाएर शिक्षा दिनुहुन्थ्यो । त्यो महान प्रतिभा एवम् महान शक्तिको आज विलय भएको छ ।

-दिनेश ब्रह्मचारी

गुरूदेव सन् १९६८ मा नेपाल आएर नेपालका धेरै भूभाग

भ्रमण गरेपछि शिवपुरीमा आएर तपस्या गर्नु भएको रहेछ । लामो समयको तपस्यारत जीवन पछि धेरै भक्तजनहरूको अनुरोधमा उहाँले यहाँ आएर आश्रम र विद्यालय स्थापना गर्नुभएको हो । तपस्या एवम् साधना सँगै उहाँले धेरै, आध्यात्मिक एवम् धार्मिक लेख, कविताहरू रचना गर्नुभएको छ । उहाँ भौतिक रूपमा हामीबाट विदा हुनुभएको छ, तर शुष्म रूपमा उहाँ हाम्रो साथमै रहनुहुने छ । उहाँको मार्गमा अगाडि बढ्नु नै हाम्रो कर्तव्य हो ।

-गुञ्जन ब्रह्मचारी, स्वामीजीका शिष्य



हरेक मान्छे एउटा सीमित आयु लिएर आएको हुन्छ । त्यो सीमित आयुमा गुरूदेवले के कति काम गर्नुभयो यो सबैको सामु जगजाहेरै छ । उहाँको माया र प्रेम सबैमा बरावर थियो । पछिल्ला दिनमा नेपालको पहिचान हिन्दु राष्ट्र कायम गराउन निकै नै मिहनेत गर्नुभयो । कुनै काममा शुरू गरेपछि उहाँ यति दृढ भएर लाग्नु हुन्थ्यो कि खानपिन, निद्रा सबै कुरा त्यागेर लाग्नु हुन्थ्यो । त्यसैले गर्दा उहाँलाई शुरूमा डाइवेटिज भयो र पछि दुवै मृगौला फेल भयो । विगत ५ वर्षदेखि स्वामीज्यूको नियमित डाइलोसिस भैरहेको थियो ।

स्वामीज्यूको विरासत हाम्रो निम्ति मात्र नभइ यो वडा, यो नगरपालिका र सिंगै देशको निम्ति पनि अनमोल छ । संसारमा यस्तो कुनै आर्ट ग्यालेरी छैन होला जसलाई एउटा महात्माले विभिन्न पक्षलाई समेटी बनाउनु भएको छ । त्यहाँ धर्म पनि छ, राजनीति पनि छ, पुरूषार्थ पनि छ, कुनै क्षेत्र उहाँले छोड्नु भएको छैन । यतिधेरै योगदान गर्नुभएका महापुरूषलाई हामीले हाम्रै जीवनकालमा देख्न मात्र होइन संगत समेत गर्न पायौं ।

मैले मेरो जीवनको २५ वर्ष उहाँसँग विताउने अवसर पाएँ, मेरो निम्ति यो सौभाग्य हो । त्यसैले गुरूदेवले देखाउनु भएको मार्गलाई हामीले अनुशिलन गर्न सकूँ यही नै आजको दिनमा गुरूप्रतिको सच्चा श्रद्धाञ्जली ठहरिनेछ ।

-कुमार थापा, समाजसेवी

स्वामीजीसँगको हाम्रो संगत निकै लामो छ । विगत ४० वर्षदेखि हामी उहाँको निकट रहेर काम गर्ने मौका पायौं । हामीले उहाँसँग धेरै कुरा सिक्ने अवसर पायौं । हिन्दु राष्ट्र नेपालको कमी भएको समयमा उहाँले कमाण्डरको रूपमा नेपालभरि यसको जागरणको निम्ति कार्य गर्नुभयो । उहाँ हाम्रो नेपालको अमूल्य निधि हो । आज हामीले उहाँको भौतिक शरीरलाई समाधिस्त गराउनु परेको छ । शिवपुरीको लामो तपस्यापूर्ण जीवनपछि उहाँ केही पर ठूलो ढुंगाको ओढारमा बस्न थाल्नुभएको रहेछ । यसै क्रममा मेरो परिवार सहित म एक दिन त्यहाँ पुगेर उहाँलाई भेट्यौं र यस स्थानमा आएर बस्न अनुरोध गर्‍यौं । उहाँले हाम्रो अनुरोध स्वीकार्नुभयो र यहाँ आएर बस्ने क्रममा सर्वप्रथम बासस्थान बनाउन पनि सहयोग गरेका हौं । गुरूदेवको अर्को विशेषता भनेको उहाँ जातपात केही मान्नुहुन्न थियो । जात केवल महिला र पुरूष मात्र हुन्छ भन्नुहुन्थ्यो ।

-एल. पी. शर्मा भानु, जीवन विज्ञान विशेषज्ञ



आज योगीराज स्वामी चन्द्रेश ब्रह्मलीन हुनुभएको छ । त्यसो त उहाँको लागि जन्म र मृत्यु दुवै एउटै हो । उहाँको जुन पार्थिव शरीर छुटेको छ, हामी अव उहाँको साकार रूप देख्न पाउँदैनौं, अनन्त ब्रह्ममा लीन भएको छ । उहाँ एउटा विराट योगी हुनुहुन्थ्यो, उहाँका सन्देशहरू र उहाँले गर्न खोजेका कामलाई अगाडि लिएर जानु हामी सबैको आध्यात्मिक र धार्मिक कर्तव्य हो । योगीजीप्रति श्रद्धासुमन, सबैमा प्रेम !

-सान्तनु ब्रह्मचारी

गुरूदेव त्रिगुणातीत मान्छे हो । गुरूदेव भन्नुहुन्थ्यो, हामी जन्मिदा सबै नै पशु भएर नै जन्मिन्छौं । विस्तारै मनुष्यलाई आफू पशुभावबाट मुक्त हुने चाहना बढ्न जान्छ । त्यही चाहनालाई पूरा गर्न चाहने व्यक्ति साधना र तपस्याको बलले त्रिगुणातीत बन्छ, मुक्त हुन्छ । उहाँ



फिजिकल र मेन्टल्ली पाउरफूल हुनुहुन्थ्यो । हामीले भगवान्लाई देखेका त छैनौं तर गुरूदेवको सामिप्यताले हामीलाई भगवान्को संगत गरेको अनुभूति मिलेको थियो । जीवनको आखिर समयमा पनि म गुरूदेवकै समीपमा थिएँ । म ब्रह्मलाई जान्दछु र म ब्रह्ममै विलीन हुन्छु भन्नुहुन्थ्यो । 'अपने मञ्जिलको भुल नजाना' उहाँको सन्देश थियो । ❖

जय बाघभैरव !

कीर्तिपुर स्थित बाघभैरव मन्दिरको दर्शन पछि सामुहिक तस्विर खिचाउँदै श्री शक्ति महिला समुहका दिदीबहिनीहरू ।

आशापुरेश्वर-डोलेश्वर एवम् पशुपति दर्शन

-विजयराज न्यौपाने

"उदाए जाउँला अस्ताए आउँला,

मध्येनी गरौला शिवजीको ध्यान ।"

बसमा तीर्थालु महिला दिदीबहिनीको स्वर घन्किरहेको थियो । हुन पनि साउने सङ्क्रान्ति, सोमबारे औँशीसमेत परेकाले हामी बिहानको लालीमा पोतिदादेखि नै तीर्थयात्राका लागि तयारी गर्दै थियौं । स्नानादि पूजाआजाको नित्यकर्म सकेर चियाको चुस्कीसँग टेलिफोन सम्पर्क गरेर हामी घरबाट निस्कियौँ । संयोगले घरमा आइपुग्नुभएकी ठूलीदिदी वासना घिमिरेसँगै हामी दम्पती गोङ्गबुतर्फ लाग्यौं । आसापुरेश्वर महादेवलाई नवीन कल्पनाले हृदयमा बसाउँदै हामी अघि बढ्यौँ । निर्धारित समयभन्दा ५/७ मिनेट अघि नै हामी तोकिएको ठाउँमा पुगेका थियौं । धेरैजना जुटेर निस्कने कुरा के सजिलो हुन्थ्यो र ! हामी अलिकति समय घर्काएर करिब ८.३० बजेतिर गोङ्गबुबाट नारायण गोपाल चोकतिर बढ्यौँ ।

एक दिने तीर्थयात्राको यो चाँजोपाजो मिलाउने महिला नेत्री थिइन् वन्दना पौडेल । मिना, मञ्जु, कमला, सावित्रा, ईश्वरी, वासना, सुधा, पवित्रा, कल्पना, टुका, शोभा लगायत दिदी बहिनी बसमा खचाखच थिए । टोली नेतृ वन्दनाले जयजयकारको नारा छोड्ने बित्तिकै हामीले स्वरमा स्वर थपेर भगवान् शिवबाबातर्फ मन लगायौँ । यसपछि भजनको मिठास चल्दै गयो । गुडिरहेको बसमा पनि थपडीको तालमा कम्मर मर्काउँदै नाच्नेहरू निस्कदै गए, टिकटक पनि बनाउँदै गए । आँखाका अगाडि टुप्लुक्क अल्कामहादेव देखिएपछि याद आयो हामी काठमाडौँ जिल्ला छोडेर भक्तपुर जगाति पुगिसकेका थियौँ । शहरको उकुसमुकुस हटेर पनि होला तन र मनले अलिकति ताजगी अनुभूति गर्दै थियो । हरिया सफा डाँडा आँखामा पर्दै गए । पँलासे, ढिडो स्पेसल, दाउरे चुल्होजस्ता होर्डिङबोर्डले पनि अब शान्त, एकान्त स्थानको सङ्केत गर्दै थिए ।

अल्कामहादेवतिर भने बसका तीर्थयात्रीको ध्यानाकर्षण कम भइरहेको थियो । यत्तिकैमा बसभित्रै झिनो आवाज सुनियो- अल्कामहादेव बनाउनेवालाले आफ्नो बाउको अनुहार हालेछ रे । त्यसपछि त्यसको बाउको अनुहार हेर्न, दर्शन गर्न के जानु भनी अल्कामहादेवको दर्शनमा जानेको सङ्ख्या घटेको रे । हामीलाई पनि बसले अगाडि बढाइसकेकोले अल्का महादेव लोप भए ।

हरिया पाखा, पाखामा वनमाडे, कालीनिगुरो देखिँदै गए । बसमा पहाडबाट शहर झरेका महिलाहरूपट्टि ध्यान पऱ्यो र "किचनटक" प्रोग्राम चलेझै भयो । रातोमाटो देखिदा माटो खन्न गएको, दैलो पोतेको, पिँढी लिपेको पूर्वस्मृति भए । बसबाहिर बनचरी र बसभित्र घरचरीको चिरबिरले बसमा नयाँ रौनक थपिरहेको थियो तर आसापुरी आइपुगेकाले आसापुरेश्वर महादेवकै जयजयकार बढ्यो । बस बाटो छोडेर साइड लाग्यो, हामी मन्दिरतर्फ लाइन सोझ्यायौँ । आँखा वरपरको प्राकृतिक हराभरामा रमायो । आँखा रमायो अनि मन रमायो । रमाएको मनबाट कविता टुसायो ।

डाँडा र काँडा पहरा अनेक
आसापुरी छन् शिवशक्ति एक
हेरौँ अहा ! प्राकृत दृश्य राम्रो
थाहै नभै भो मन मुग्ध हाम्रो ॥१॥
सानी नदी सल्ल यतै बहेकी
श्री शम्भुको पाउ धुदै गरेकी
रातै पहेँलै महिला समाज
चढाउँदो प्रेम र भक्तिभाव ॥२॥

सानु नदी कुलबुल गरेर बगेको देखियो । माथिल्लो साइडमा सानो बजार र नदीको दुबैपट्टि पाटामा

आसापुरेश्वर महादेव मन्दिर । मन रमायो । ज्येष्ठ नागरिकका हिसाबले मन्दिर दर्शनको छोटो बाटो मिल्यो । जुत्ता बाहिर मानिसभित्र भइयो । दर्शन मिल्यो आसापुरेश्वर महादेवको । मनको चोखो आसा के कहिरहन पर्ला र ! आसापुरेश्वर महादेव अन्तर्यामी हुनुहुन्छ । चेतन अवचेतन मनका आसा स्वतः पूरा हुनेछन् । म केबल भगवान् शिवबाबाका अगाडि शरणार्थी बनैं । मन्दिर दर्शन गर्दै परिक्रमा गरैं । दिदी र पत्नी बत्ती बाल्दै हुनुहुन्थ्यो । म दिलको दियो बालेर एकछिन ध्यानमग्न हुँदै पन्था कर्सैं । पाटीमा सुकुल र एक दुईजना बाहेक बस्नका लागि स्थान खाली थियो । स्वच्छ वातावरणमा स्वस्थ तन मन लिएर म पद्मासनमा करिब आधा घण्टा जति बसैं । वातावरणको स्वच्छपनले प्रफुल्लित मन लिएर आँखा खुले जुनबेला पत्नी ईश्वरीको बोलावट थियो फर्कनका लागि । यतिबेला हाम्रै टोलीका लाइनमा लाग्नेहरू पनि दर्शन सक्दै थिए । एकछिन माइकको आवाजमा प्रवचन र स्थानीय मन्दिर व्यवस्थापन समितिका एकजना सदस्यका मुखबाट आसापुरेश्वर महादेव मन्दिरबारे थप जानकारी सुन्यौं, गुन्यौं र मनन गर्‍यौं ।

यो मन्दिरको ऐतिहासिकता मल्लकालसँग जोडिएको रहेछ । अहिलेको मन्दिरभन्दा निकै तल शिवलिङ्ग मन्दिर रहेको बोध भयो । यस मन्दिरमा मनमा चोखो मनले जे जे आसा लिइआएता पनि दर्शन पश्चात् पूरा हुँदै जाने भएकाले आसापुरेश्वर महादेव नामकरण गरिएको कुरा पनि सुन्यौं । पाँचसय वर्षभन्दा पुरानो मल्लकालीन मन्दिर भएतापनि यसको प्रचारप्रसार भर्खरै हुनलागेको पाइयो । साउन महिनाको सोमबार, शनिवार, माघेसङ्क्रान्ति, शिवरात्रीमा यहाँ विशेष भीडकासाथ मेला लाग्दो रहेछ । आज त्यस्तै भीड थियो । भीड छिचोलेर अन्त्यमा मन्दिरको परिक्रमा गरेर हामी फर्कियौं ।

यसै आसपासको काँक्राबारीबाट ताजा रहरलाग्दा काँक्रा डोकाका डोका बेच्न ल्याइएको भेटियो । सस्तो महङ्गो जे भएपनि काँक्रा किनियो र प्यास मेटियो । असारे हो कि सायद (बाटो नगिचको) आरूको बोट लम्किएर आरू टोक्नेहरू पनि आँखा अगाडि परे । मन्दिर आएका भक्तजनका लागि यो व्यवहार सुहाउँदो त थिएन । अनावश्यक कस्ता कुरामा फजुल खर्च भएर गएका हुन्छन् तर दसबीस रूपैयाँ तिरेर काँक्रोको चिरा, आरूको दाना किनेर खान, ५/१० रूपैयाँ तिरेर शौचालय पस्न भने किन मुस्किलै ठानिन्छ ? मन रबर जस्तो रहेछ, तन्काए तन्किने नत्र खुम्चिने । अलिकति सोचेर मनन गरेर आफ्नो कमीकमजोरी सच्याउन मन्दिर दर्शनबाट तीर्थयात्री, साधक तथा भक्तजन हामीमा प्रेरणा मिलोस् भन्दै हामी डोलेश्वर दर्शनका लागि आफ्नो बस त समात्यौं तर ड्राइभर, कन्डक्टर विहीन थियो बस । ड्राइभर, कन्डक्टरको सम्पर्क नम्बर थिएन कसैसँग । गलपति गर्दैमा कैयौं मिनेट खर्चिएर गयो । हामी तीर्थयात्री हामीसँग नै सुझबुझको कमी, व्यवस्थापनको कमी थियो । अन्त्यमा खाजा खान गएका ड्राइभर, कन्डक्टर बसमा फर्केपछि बल्ल नव रक्तसञ्चार भयो, बस गुड्यो । भोजन विनाको भजनमा सुस्ती पाइन्थ्यो



तैपनि डोलेश्वर महादेवले मन आकर्षित पार्दै थिए ।

केदारनाथको शिर नै डोलेश्वर महादेव हुन् भनी श्री श्री श्री जगतगुरू भीमाशङ्कराचार्यबाट २०६६ भाद्र ६ गते घोषणा गरेपछि डोलेश्वर महादेवको व्यापक प्रचार प्रसार

हुँदै आएको छ । यद्यापि अधिकांस विद्वान्हरू केदारनाथको शिर डोलेश्वर हो भन्ने कुरामा सहमत हुनुहुन्न । किनकि शिव पुराणमा स्पष्ट लेखिएकै छ–

नयपालाख्यपुर्यां तु प्रसिद्धायां महीतले ।

लिङ्गं पशुपतीशाख्यं सर्वकामफलप्रदम् ॥

शिरोभाग स्वरूपेण शिवलिङ्गं तदस्ति वै ॥

(कोटिरूद्र संहिता, अ. ११, श्लो. १८, १९)

उपर्युक्त श्लोकले केदारनाथ सहित द्वादश ज्योतिर्लिङ्गकै शिरोभाग श्रीपशुपतिनाथ हो भनेर किटान गरेको छ ।

सायद २०६६ साल वरपर त्यहाँ जाँदा साँघुरो परिवेशमा दर्शन गरिएको थियो तर अहिले निकै फुकेको र विस्तार भएको पाइन्छ । उमेरको कमालले गर्दा यहाँ पनि सिधै दर्शन गर्न पाइयो । ज्येष्ठ नागरिक कार्डको कमाल थियो यो ।

भक्तपुरको सिपाडोल भन्ने ठाउँमा रहेकाले डोलेश्वर महादेव भनियो होला । जलले भरिएका ठूला घडाको साइतमा मन्दिर प्रवेश गरेर विमलादेवी, विशाल कालो शिलामा कुँदिएको शिवलिङ्गको दर्शन पश्चात् १०८ शिवलिङ्गको दर्शन गर्यौं । पौराणिक महत्त्व बोकेको, ऐतिहासिक कलाकृतिले सजिएको डोलेश्वर महादेवको दर्शन पश्चात् मानिसको ठूलो भीड छिचोलेर हामी बसमा एकत्रित भयौँ र पशुपति दर्शनमा अघि बढ्यौँ ।

पशुपति पुग्दा अपराह्न चार बजेर तीस मिनेट गएको थियो । दर्शनका लागि सुगम व्यवस्थापन गरिएको पाइएकोले सहज अनुभूति भयो ।

बोल बम् बोल बम् शिव बोल बम्

आयो शिवको महिना शिव शिव गाऊँ ।

बोल बम् घन्किरहेको थियो आराध्य देव भगवान् पशुपति नाथको परिसरमा । यता बसमा गाइएको "पशुपतिमा चार ढोका चाँदीका, कृष्णजीलाई मन पर्ने राधिका" भजनकीर्तनको रन्को कानमा थिदै थियो । तीर्थालुको भीड व्यवस्थापनका कारणले गर्दा एउटा ढोकाको मात्र दर्शन गर्न हामी बाध्य थियौँ । चाँदीका चार ढोकाको दर्शन दुर्लभ भयो । एकसय आठ शिवलिङ्गको दर्शन पश्चात् दीप प्रज्ज्वलन गरेर सोचेको भन्दा छिटै हामी एकदिवसीय तीर्थयात्राको बिटमार्दै थियौँ । वास्तवमा सजिलो, सस्तो र छरितो तीर्थयात्रा भ्रमण सकेर हामी बसमा एकत्रित भयौँ ।

यो भ्रमणका विशेषता नै भनूँ– १. महिला दिदीबहिनीमा पुरूषको तुलनामा धार्मिक अभिरूचि, जागृति उत्साहजनक पाइयो । २. सरलता, हार्दिकता पनि बढी नै पाइएको अनुभूति भयो । ३. धुम्रपान, मध्य पानजस्ता गन्धयुक्त श्वास प्रश्वासको असर भेल्नु पनि परेन । ४. मन्दिरमा पुगेपछि पूजाका सामाग्रीको जोहो घरबाटै गरेर आइएको हुँदा फूल अक्षता, भेटी, धुप दीप गरी नैवेद्य चढाउने बेला सहज अनुभूति भयो । ५. घरमै बनेका वा फलफूल जस्ताचीज बाहेक अन्य बाह्य चीज खानु पनि परेन । ६. तीसजना तीर्थयात्रु रहेको बसमा ड्राइभर कन्डक्टर बाहेक म एकजना पुरूषमात्र भएपनि कुनै अप्ठ्यारो महसुस गर्नुपरेन । एकदिने तीर्थयात्राका यिनै विशेषता केलाउँदै गौशालादेखि नारायण गोपाल चोकसम्म आइपुग्दा त आ–आफ्नो गन्तव्यमा ओर्लने क्रम सुरू भयो । ओर्लदा ओर्लिदै गङ्गबु चोकमा हामी ओर्लिदा बस खुकुलिदै गएको थियो ।

"सोमबारे औँशी के बार पर्‍यो, काटेको बाखो के व्यथाले मर्‍यो" यो गाउँ खाने कथाको उत्तर फुकाएर हामी 'थालीमा अक्षेता पाती, बिदाबादी भएर जाउँ साथी'को बोलसँगै कपुरधारा, सामाखुसीतिर लम्कियौँ । बसभने अन्तिम स्टप बानियाँटार पुलतिर हुइँकियो । एक दिने तीर्थयात्राको रमरम मिठास समालेर भण्डै बाह्र घण्टापछि हामी गृह प्रवेश गर्यौँ ।❖

–सामाखुशी, काठमाडौं

हाम्रो सम्पदा हामीले संरक्षण नगरे कस्ले गर्ने ? पशुपति मन्दिर लगायत पावन पाशुपत क्षेत्रलाई सफा र स्वच्छ राख्न सहयोग गरौं ।

कुश कसरी पवित्र ?

–हरिप्रसाद सोडारी

धार्मिक अनुष्ठानमा प्रयोग गरिने हरेक पदार्थ जीवनोपयोगी छन् । आध्यात्मिक कर्म गर्दा बस्ने, लगाउने, खाने, हेर्ने सबै पदार्थ शक्तिमय हुन्छन् भन्ने तथ्य वैज्ञानिक परीक्षणले पुष्टि गरेका छन् । गहना, कपडा, माला, आशन आदिले शोभामात्र बढाउँदैन शरीरलाई ऊर्जावान् र मनलाई बलवान् बनाउँछन् । धर्मभित्रको अथाहा ज्ञान, पूजाभित्रको प्रविधि, उपासनाभित्रको शक्तिलाई युगानुकूल प्रयोग गर्नुपर्छ ।

धार्मिक अनुष्ठान कति महत्त्वपूर्ण छ भन्ने तथ्य बुझ्न पश्चिमा विज्ञानबाट हेर्न आवश्यक छ । पितापुर्खा र शास्त्रका ज्ञानलाई कर्मकाण्ड र वर्गविशेषमा सीमित बनाइयो । प्रविधिजस्तै शास्त्र सबैको साझा सम्पत्ति हो । शास्त्रले अध्यात्ममात्र सिकाउँदैन आनन्द पनि दिन्छ । आध्यात्मिक आनन्दलाई उपभोग गर्ने कला र विधि नहुँदा युवायुवतीहरू बाह्यमुखी बन्दै भौतिक वस्तु र विदेशीपनमा रमाउँदै गएका छन् । भौतिक विकाश, आर्थिक उन्नति, मान र सम्मान जीवनको केही प्राप्ति हो, सम्पूर्ण उपलब्धी होइन । यसमा हिरिक्क हुँदा समाजलाई मानवीय संवेदना, मर्म, चरित्र, स्वाभिमानभन्दा धेरै टाढा पुर्‍याउँछ । आफ्नो पन, पहिचान र प्रकृतिलाई भुल्दा कस्तुरीले विनाको सुगन्ध थाहा नपाएझैँ भएको छ । यहीकारण आँगनका कन्दमूल, बारीका फूल, करेसाका पात र नर्सरीका कोपिलाबाट हुने निःशुल्क उपचारलाई छोड्दै महङ्गो उपचारमा पुगेका छौँ । विदेशी उपचारले जीवन गुमेको छ, स्वास्थ्य सकिएको छ, सम्पत्ति उडेको छ । पश्चिमाको औषधि र जीवनपद्धतिले नयाँ-नयाँ रोग र समस्याबाट अकालमै यमलोकको यात्री बन्नेको संख्या बढ्दैछ । सामान्य झारले निको हुने रोगहरू आधुनिक अस्पतालको घनचक्करमा परेर बिग्रदै, बढ्दै गएर डाक्टरको हात र औषधिको पहुँचभन्दा धेरै टाढा पुगिसकेका छन् । यो सबै आफ्नो ज्ञान बिर्सिएको, प्रविधि भूलेको, पद्धति गुमेको परिणाम हो, विदेशी दबाइ सेवनको आशीर्वाद हो । दबाइले रोगलाई एकछिन दबाएर निर्मूल भएझैँ बनाउँछ । मौका पाएपछि त्यो रोगले पुनः आक्रमण गरी ज्यान र धन लैजान्छ । टालटुले उपचारपद्धतिमा प्रयोग गरिने औषधिलाई दबाइ भनिन्छ । आयुर्वेदिक औषधिले एकपटक सञ्चो भएपछि लापरवाही गरेन भने त्यही रोग वा समस्या कहिल्यै दोहोरिदैन । यहीकारण ऋषिमुनिहरूले आयुर्वेदिक औषधिबाट रोगीलाई निको बनाउँथे ।[१] हाम्रा औषधिहरू प्राकृतिक र केमिकलविहीन हुन्थे, जसले प्रतिप्रभाव (साइडइफेक्ट) गर्दैनथ्यो । हाम्रा उपचारपद्धतिमा विभिन्न खनिज पदार्थ, वनस्पति, माटो, मन्त्र, यन्त्र आदिलाई प्रयोग गरिन्छ । आर्यावर्तका झारले मृत लक्ष्मणलाई बचाएका थिए, यमलोक निबासी भएका परीक्षितलाई जिवित तुल्याएका थिए । लेप दलेर, यन्त्र लगाएर, औषधि खाएर, जडीबुटीलाई पिएर, मन्त्र जपेर, होम हालेर वा अन्य विविध विधिहरूबाट उपचार गरिन्छ । नेपाल औषधिको भण्डार हो किन कि हाम्रा पहाडमा सोमलता फल्छन्, हिमालमा यार्चागुम्बा उम्रन्छन्, ढुङ्गाबाट शिलाजित बहन्छ, कन्दरामा सञ्जीवनी लहराउँछन् ।

ऋषिमुनिहरूले रोगीको अवस्था, रोगको प्रकृतिअनुसार दुई प्रकारका औषधिहरू प्रयोग गर्दथे । एक आपत्कालिक (तत्काल), अर्को बिस्तारै निको गराउने । दर्भो य उग्र औषधिस्तं ते बध्नाम्यायुषे (अथर्ववेद (१९।३२।१) अर्थात्, "कुश तत्काल फल दिने औषधि हो, जसलाई आयु वृद्धि गर्न लगाइन्छ ।" मानवजीवन र कुशबीच अन्योन्याश्रित सम्बन्ध छ । कुशको फरक नाम र भिन्न काम छन्- फूल नफूलेको कुशलाई दर्भ, फूल फूलेपछि कुश, जरासहितको भागलाई कुतप, अगाडिको भाग काटेमा तृण भनिन्छ । जो फेरि पलाउँदैन त्यसलाई दर्भ र पुनः पलाउन सक्नेलाई

कुश भनिन्छ । विशिष्ट व्यक्तिलाई आसन गराउँदा कुशासन दिइन्थ्यो भन्ने तथ्यलाई ऋग्वेद (३।९।९)मा तीन हजार तीन सय उनन्चालीस देवताहरूले अग्निलाई कुशासन दिएबाट बुझिन्छ । कुशलाई भगवान्को रौँबाट उत्पन्न भएको मानिन्छ–मम रोम समुद्भूता दर्भाः पुष्टिकरा मताः अर्थात् कुश मेरै रौँबाट उत्पन्न भएको हो, यो पौष्टिक छ । देव कार्य, पितृ कार्य, रोग निराकरण, ग्रह शान्तिका लागि कुशको प्रयोग गरिन्छ । देवकार्य, पितृकार्य आदिमा दाहिने हातमा सुन, चाँदी वा कुशको औँठी हुन आवश्यक हुन्छ । विशेष प्रकारका धातु र वनस्पतिले वातावरणमा रहेका दैवी र सकरात्माक शक्तिलाई तानेर शरीरमा प्रवाह गराउँछन् । अचानक सूक्ष्मरूपले भाइरसबाट हुने शारीरिक र मानसिक आक्रमणलाई कुशले रोक्छन् । कुश लगाउँदा कम श्रम, शक्ति र समयमा अधिक कार्य गर्ने तागत प्राप्त हुन्छ । एकपटक पढेको, देखेको, उपदेश गरेको विषयलाई सम्झिरहने मानिसलाई कुशाग्र बुद्धि मानिन्छ । कुशको अग्रभाग तीखो हुन्छ अर्थात् कुशजस्तो पवित्र र तिख्खर दिमागलाई कुशाग्र बुद्धि भनिन्छ । कुशले शरीरलाई स्वस्थ, बुद्धिलाई तेज र विचारलाई पवित्र बनाउन सहयोग गर्दछ । दूधमा कुश राखेर तताए फाट्दैन । भगवान् विष्णुले भन्नुभएको छ–

दर्भा विभूतिर्मे तार्क्ष्य मम रोमसमुद्भवः ।

अतस्तत् स्पर्शनादेव स्वर्गं गच्छन्ति मानवाः ॥

कुशमूले स्थितो ब्रह्मा कुशमध्ये जनार्दनः ।

कुशाग्रे शंकरो देवास्त्रयो देवाः कुशे स्थिताः ॥

–गरूडपुराण (९।१२–१३)

अर्थात्, "कुश मेरा रौँ हुन् । यसलाई दैनिक छुनाले पवित्र भई स्वर्ग प्राप्ति हुन्छ । कुशको जरामा ब्रह्मा, काण्डमा विष्णु, टुप्पोमा महादेवसहित तीन देवता बस्दछौँ ।" कुशमा जगत्का उत्पत्तिकर्ता, पालनकर्ता र संहारकर्ताको निबास भएकाले यसलाई परम पवित्र र शक्तिमान् मानिएको हो । महाभारतअनुसार गरूडले सर्पहरूबाट बन्धक बनाइएकी आफ्नी आमाको मुक्तिका लागि अमृत ल्याएर सर्पहरूलाई दिए । अमृत खानुभन्दा पहिले सर्पहरू नुहाउन गए, आउँदा अमृत देखेनन् । कुशमा अमृत पोखिएको अनुमानले चाटे । कुशको धारले जिब्रो काटेको हुनाले त्यतिबेलादेखि सर्पको जिब्रो दुईवटा भयो । अमृतको स्पर्शले कुश पवित्रतम हुन गयो ।[2] कुश लगाउनाले शरीरमा शक्ति आउँछ, रोगको निराकरण हुन्छ र अमृतको दर्शन मिल्छ ।[3] बुबाखुवाउने (कुशेऔँशी) मा विधिपूर्वक घरमा कुश ल्याइन्छ । कुशको सम्बन्ध बुबा अर्थात् शरीरको हाडसँग रहन्छ । शरीरको मासु भागलाई आमा र हड्डी भागलाई बुबासँग सम्बन्ध रहेको बताउँछन् । कुश विद्युतको कुचालक भएकाले चट्याङ पर्न दिँदैन । यसकारण घरका छानामा कुश राख्ने चलन छ । कुशले रिसलाई नियन्त्रण गर्दछ, शत्रुको रिसबाट बचाउँछ ।[4] कुशघारी वा बाँसघारीबाट बगेको पानी राम्रोसँग छानिएर पिउनलायक हुन्छ ।

नास्य केशान्प्रवपन्ति नोरसि ताडमाघ्नते ।

यस्मा अछिन्नपर्णेन दर्भेण शर्म यच्छति ॥ –अथर्ववेद(१९।३२।२)

अर्थात्, "जो नित्य कुश लगाउँछ, उसको कपाल झर्दैन, न त छाति दुःख्दछ ।" अत्यन्तोपयोगी झार भएकाले कुशलाई औषधि, गहना, सुरक्षाकवच आदिका रूपमा उपयोग गर्दछन् । एकाग्रता, शुद्धता, संयमता आदि शक्ति कुश लगाउँदा प्राप्त हुन्छ । विभिन्न किटाणु र व्याक्टेरिया मार्ने हुँदा यज्ञस्थल आदिलाई पवित्र गराउन कुशपानी छर्कनुपर्छ । उपनयन संस्कारमा कुशको जनै लगाएर मात्र धागोको जनै लगाइन्छ । तीजको व्रतमा महिलाहरू कुशको जनै, कन्दनीका साथै टाउको बाँध्ने गर्दछन् । कुश कहिल्यै बासी हुँदैन, हरेक वर्ण, जाति र लिङ्गका मानिसहरूले लगाउन हुन्छ । विनाकुशको धार्मिक अनुष्ठान्, जल स्पर्शविनाको दान, मालालाई प्रयोग नगरीकन

गरिएको जप संख्या सबै निष्फल हुन्छन् ।[५] कुशपानीले छर्किएको यज्ञस्थल शुद्ध, आयोजक र उपस्थित महानुभाव शारीरिक र मानसिकरूपले ऊर्जाशील हुन्छन् । त्यसैले नुहाउँदा, होम, जप, दान, स्वाध्याय, पितृकार्य, सन्ध्या, अभिवादनलगायतका कार्य गर्दा दुबै हातमा कुशको पवित्र (औँठी) धारण गर्नुपर्छ ।[६] कुशलाई बाह्र घण्टा पानीमा भिजाएर पिउँदा पिसाब सम्बन्धी समस्या आउँदैन । कुशको पर्दा लगाउँदा हानिकारक किटाणु पस्न सक्दैन । यसैले प्राचीन कालदेखि घरनजिकै कुश रोपिन्थ्यो । कुशको पवित्र धारण गर्ने परम्पराकै नक्कल गर्दै अहिले अनेक धातुका औँठी, सिक्री लगाउने चलन बढ्दै गएको छ । कुशको औँठी साहिलीऔँला (अनामिका)मा लगाइन्छ । साहिलीऔँलाको फेदलाई सूर्य क्षेत्र भनिन्छ । हस्तरेखाविद्हरूले यस क्षेत्रमा शारीरिक र मानसिक शक्ति, जागिर एवं रोजगारको अवस्था, साहस र धैर्यलगायतका पक्ष हेर्दछन् ।

कुशाग्रैस्तर्पयेद्देवान् मनुष्यान् कुशमध्यतः

द्विगुणीकृत्य मूलाग्रैः पितृन् संतर्पयेद्द्विजः ॥

अर्थात्, "देवतालाई कुशको अग्रभाग (अगाडि)बाट, बीचको भागबाट ऋषिगणलाई र जराबाट पितृहरूलाई तर्पण दिनुपर्छ ।" एकाक्षरीकोशअनुसार "क'को अर्थ पृथ्वी, 'श' को अर्थ सुत्नुहुन्छ । जसमा पृथ्वी सुत्छ वा अटाउँछ त्यसलाई कुश भनिन्छ । पृथ्वीलाई सत्यले थामेको छ ।[७] कुशमा सत्यताको तागत, चेतना जगाउने शक्ति, पवित्र बनाउने ऊर्जा छ । कुशलाई आध्यात्मिक, व्यावहारिक, बौद्धिक, शारीरिक लाभका लागि अत्यन्त उपयोगी र पवित्रतम मानिएको हुनाले लगाउन र घरमा राख्न आवश्यक छ । ❖

–खोप्लाङ, गोरखा

१. प्रयोगः शमयेद् व्याधिं यो नैवान्यमुदीरयेत् ।
नासौ विशुद्धः शुद्धस्तु शमयेद् यो न कोपयेत् ॥ –हिंदू–संस्कृति (अङ्क वर्ष २४, पृ. ५२१)

२. अभवंश्चामृतस्पर्शाद् दर्भास्ते पवित्रिणः । – महाभारत (आदिपर्व, आस्तीकपर्व ३४।२४)

३ स्तृणीतबर्हिरानुषग्घृतपृष्ठंमनीषिणः । यत्रामृतस्यचक्षणम् ॥–ऋग्वेद (१।१३।५)

४. अयं दर्भो विमन्युकः स्वाय चारणाय च ।
मन्योर्विमन्युकस्यायं मन्युशमन उच्यते ॥–अथर्ववेद (६।३३।१)

५. विना दर्भैश्च यत्कृत्यं यच्च दानं विनोदकम् ।
असङ्ख्यया तु यज्जप्तं तत्सर्वं निष्फलं भवेत् ॥ –अंगिरास्मृति

६. स्नाने होमे जपे दाने स्वाध्याये पितृकर्मणि ।
करौ सदर्भौ कुर्वीत तथा संध्याभिवादने ॥

७. सत्येन गम्यते स्वर्गो मोक्षः सत्येन चाप्यते । सत्येन तपते सूर्यः सोमः सत्येन रज्यते । –वराहपुराण (१३९।५३)

जीवन–यात्रा

– कल्पना अधिकारी

यो लामो यात्रा हो साथी
आजको हैन हिजैको बाँकी ।
यात्रा पुरा गरौं कहि नथाकी
परमात्मा पाउने चाहना राखी ॥

यात्रामा भेट्छौं चौतारीहरू
आफन्त अनि दौतरीहरू ।
नराखौं इच्छा कामनाहरू
फर्केर आउने भावनाहरू ॥

नाता कुटुम्ब पुत्र अनि नारी
जाँदैनन् साथमा यि घरबारी ।
मोहको वशमा लक्ष्य नछोडौ
परमात्मा भेट्ने प्रतिज्ञा गरौं ॥❖

–बूढानीलकण्ठ, काठमाडौं

गौरीको अनुरोध !

आगामी असोजबाट गौरी मासिक अठारौं वर्ष पूरा गरी उन्नाइसौं वर्षमा प्रवेश गर्दैछ । यस अवसरमा गौरीसँग सम्वन्धित रही यहाँहरूले लेख्नुभएका कविता, लेख एवम् शुभकामनाहरूलाई विशेष ग्राह्यता दिइने हुँदा गौरीका शुभचिन्तकहरूलाई आआफ्नो रचना समयमै पठाउनुहुन अनुरोध गर्दछौं !

'हिन्दू राष्ट्र' नेपालको 'औचित्य

–प्रा.डा. ऋषिराम पोखरेल

सनातन कालदेखि नै नेपाल हिन्दु राष्ट्र थियो !

संसारको सबै भन्दा पुरानो ग्रन्थ वेद हो। वेद भन्दछ "सा प्रथमा संस्कृतिर्विश्ववारा अर्थात् विश्वको जेठो संस्कृति सनातन वैदिक संस्कृति हो। अहिलेसम्म प्राप्त र प्रकाशित नेपालको इतिहास हरेक बुद्धिजीवीलाई थाहै छ। पशुपति–पुराण, स्वयम्भु–पुराण, स्कन्द–पुराण, रामायण, महाभारत र वेद वेदान्त (मन्त्र, ब्राह्मण, आरण्यक र उपनिषद्) आदिबाट नेपाल प्राचीन अनादिकालदेखिनै वैदिक सनातन किं वा हिन्दूधर्मबाट नै निर्देशित, अनुप्राणित, परिचालित, परिरक्षित र परिपोषित हुँदैआएको छ । ती सबैको यो विचारपत्रमा चर्चा गर्दा सम्भव नहुने हुँदा यहाँ केही बुदागत टिपोट गर्नुचाहि प्रासङ्गिक नै होला ।

(क) 'ने' मुनिद्वारा पालित भएको र प्रारम्भिक अवस्थादेखिनै राजर्षि जनक जस्ता शाशकहरूद्वारा वैदिक सनातन धर्म अनुसार परिरक्षित भएकोले यो राष्ट्र विश्वको एक मात्र सार्वभौमसत्तासम्पन्न स्वतन्त्र हिन्दूराष्ट्रकै रूपमा रहेर यहाँ १०० थरिवाजा एउटै तालमा बजे। ॐ शताधिक भाषा, धर्म, सम्प्रदाय र संस्कृति एउटै थालमा खाना खाएर एउटै परिवारका रूपमा सह–अस्तित्व कायम गरी सह–जीवन बिताउँदै आएकोले त्यो सहजीवनको आदर्श अब पनि पूर्ण रूपमान कायम गर्न यहाँका ८० प्रतिशतभन्दा बढी जनताले पाउनुपर्दछ र यसमा विश्वकै डेढ अरब हिन्दू र सनातन हिन्दू धर्मप्रति सद्भाव राख्नेहरूको समेत समर्थन र सहयोग प्राप्त हुने छ भनी विश्वास गर्नैपर्दछ ।

(ख) लोकतन्त्रात्मक प्रजातन्त्रमा बहुमतको कदर हुनैपर्दछ र यो कुरा प्राकृतिक न्याय सिद्धान्त अनुसार पनि न्यायोचित देखिन्छ ।

(ग) संयुक्त राष्ट्रसंघको मानव अधिकारको बडापत्रअनुसार विश्वको एकमात्र सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र हिन्दूराष्ट्रले समेत बाच्न पाउने अधिकार अपहरण गर्न पाईंदैन र त्यसो गरिएमा अन्तराष्ट्रिय कानूनको मद्दत पनि आवश्यकताअनुसार लिनुपर्ने हुन्छ ।

(घ) बूढानीलकण्ठ, बराह क्षेत्र, किराँतेश्वर, शिखरनारायण, विसंखुनारायण, वज्रयोगिनी, मत्स्येन्द्रनाथ, गोरखनाथ, गोकर्णेश्वर एवम् राष्ट्रदेव पशुपतिनाथलाई हिन्दू र बौद्ध दुवै धर्म मान्नेले उत्तिकै आस्था र पूजा गर्दैआएको र परापूर्वदेखिनै अति प्राचीन परम्पराबाट यो देश समन्वयात्मक सनातन हिन्दूधर्मद्वारा परिरक्षित र निर्देशित हुँदैआएकोले वर्तमानमा पनि त्यो कुरालाई निरन्तरता दिन विश्वको एकमात्र सार्वभौमसत्तासम्पन्न स्वतन्त्र हिन्दूराष्ट्रका रूपमा नै कायम राखिनु स्वभाविक हुनेछ ।

(ङ) पूर्वी नेपालका कौशिकी क्षेत्रका सत्ययुगदेखिका कोका र विष्णुपादुका एवम् विराटनगर, झापा आदि क्षेत्रमा महाभारतकालका अर्जुन धारा, कीचकवध क्षेत्र, धुनी क्षेत्र, (रामायणकालका सत्य युगी रामधुनि) जनकपुरको सीता जन्मभूमि आदिले पनि नेपाल अति प्राचीनकाल सत्य, त्रेता र द्वापर युगमा पनि वैदिक सनातन हिन्दूधर्मी देशकैरूपमा रहँदै आएको देखिन्छ र यहाँका बौद्ध आदि अन्य धर्म मान्नेहरूले पनि हिन्दूधर्म बुद्धको पञ्चशीलको उपासना गर्दै महात्मा बुद्ध समदर्शी, सहनशील र मिलनसार रही धार्मिक समन्वय र सहिष्णुता कायम राख्दै सनातन हिन्दू देशका रूपमा यो देशको अस्तित्वलाई जोगाउँदै आएको तथ्यले पनि यसको निरन्तरतामा बल प्रदान गर्दछ ।

(च) मेचे जातिका पूर्वपुरुष, मेचक ऋषि र उहाँको नामबाट परिचित मेची नदी, भगवती महाकाली र भगवान् महाकाल शङ्करको नामबाट प्रसिद्ध अनेकौ महाकाल

र महाकालीबाट प्रभावित महाकाली नदी, गण्डकी संगमदेवघाटमा शालिग्रामस्वरूप नारायण मिलेपछि नारायणी बनेको सप्तगण्डकी, त्रिवेणी, गजेन्द्रमुक्तिक्षेत्र, महर्षि वाल्मीकिको आश्रम भैसालोटन, म्याग्दिको पुलह-पुलस्त्य आश्रम, भरत आश्रम (गुफा) तनहुँ र चितवनको, व्यास पराशर-शक्ति-वशिष्ठ- विश्वामित्र आदिका आश्रम गुफा, मुग्लिनको डाँडोको मुदगल आश्रम, परशुरामले तपस्या गरेको चताराघाट, परशुरामघाट, कुनै बेला मञ्जुश्रीले त कुनै बेला श्रीकृष्णले काठमाडौं उपत्यकाको पानीको निकास गोकर्णेश्वर र चोभारबाट कटाएको प्रसंग, गोकर्णेश्वर र श्रृंगेश्वरको तपस्या गरी रावणले होम गर्दाको खरानीको थुप्रोको यज्ञदोल (वर्तमान राष्ट्रिय शहीदपार्कका रूपमा विकाश गरिदै गरिएको जगडोल), आर्यावलोकितेश्वर, आर्यघाट, सूर्यघाट, गौरीघाट, आदि बागमतीका अनेकौं घाट, नेपालका हिमाल, तराई समेत सर्वत्र व्याप्त महादेव, विष्णु, गणेश, सूर्य, देवी, बुद्ध, मत्स्येन्द्रनाथ, गोरखनाथ आदिका साथै असंख्य देवदेवीको मठमन्दिर आदिको अस्तित्वले पनि यो देश परम्परागत सनातन हिन्दू देश रहेको थियो र देवता, ऋषि, यक्ष, राक्षसहरू वाणासुर, रावण, कुम्भकर्ण आदिको तपःसाधना एवम् शिव पार्वतीको क्रीडास्थलको रूपमा अवस्थित भएबाट वर्तमानमा पनि यसैलाई निरन्तरता दिई आफ्नो देशको इतिहास बचाउनु बुद्धिमानी हुनेछ ।

छ) वेदले यस्येंमे हिमबन्तो महित्वा आदि मन्त्रले यस देशको सर्वोच्च शिखर सगरमाथा, गौरिशंकर आदि हिमालयको वर्णन गरेको, काठमाडौंका चारै फेदका उत्तरमा श्वेतवराह, दक्षिणमा बज्रबराह, पूर्वमा नीलवराह, पश्चिममा धूम्रवराहको अवस्थिति चारै फेदका ४ गणेश, ४ नारायण, ४ देवीको अस्तित्व, पश्चिमाञ्चलको त्रितुङ्ग ऋषिको आश्रम र त्रितुङ्गाञ्चल (तनहुँ), रूरूकन्यातपोभूमि रुरुक्षेत्र (रिडी), त्रिशूली गङ्गोत्पति समुद्रमथनबाट निस्केको विष शान्त पार्ने शैवस्थान गोसाईकुण्ड, भष्मासुरको विष्णुले विनाश गर्नुपूर्व शिवजी बास गर्नुभएको हलेशी महादेव गुफा, कर्णालीमा मनुमहाराजले तपस्या गरेको मान्मा (मनुमहाराजको राजधानी रहनु) आदि र अनेकौं ऋषि महर्षिका गोत्र (कुल) र परम्पराबाट यहाँ अवस्थित अनेकौं थर गोत्रका ऋषि महर्षिका सन्तति ४ वर्ण ३६ जातको साझा फुलवारीको रूपमा अति प्राचीन कालदेखिनै यो देश देवभूमि, तपोभूमि र ऋषि महर्षिको साधनास्थल हिन्दूराष्ट्र रहँदै आएको देखिन्छ ।

यो देशलाई सनातन हिन्दूराष्ट्र कायमै राख्दा कसैले कपाल दुखाउनुपर्ने अथवा आकाशै खस्ने भो भनी आत्तिनुपर्ने देखिंदैन अथवा पहिलेदेखि मिली बस्दैआएका यहाँका अन्य धर्म बन्धुहरूले चिन्तित हुनुपर्ने अवस्था देखिंदैन । तर पनि धन-पद-प्रतिष्ठा आदिका प्रलोभनमा पारी धर्म फेर्ने धन्दा गर्ने र पछि गएर क्रमशः भाषिक, धार्मिक, सांस्कृतिक, अनि आर्थिक र राजनैतिक रूपले उपनिवेश कायम गर्ने सपना देख्नेहरूलाई दुरूत्साहित गर्दै धर्मको ध पनि नबुझेकालाई सम्झरी सम्झाई आर्थिक दृष्टिले विपन्न वर्गलाई समेत आर्थिक टेवा दिएर तिनलाई पनि बोध हुने गरी देशमा पैदल यात्रा गरी अज्ञानले सुतेका सर्वसाधरणलाई जगाई, सङ्कीर्ण जात र वर्णको सीमा तोडेर सबै भुले भट्केकालाई पनि पुनः समाहित गरी समावेशी नयाँ नेपाल निर्माणमा सबैलाई समेटेर समुन्नति गर्ने अवसर दिनु बेश हुने देखिन्छ भने मगर, किरात, लिम्बु, नेवार सतार आदि सबै समूहका गोत्र काश्यप, कौशिक आदि ऋषिमहर्षिका नामबाटै रहेकोबाट पनि यो कुराको समर्थन हुन्छ ।

(झ) श्रीमद्भागवत पञ्चमस्कन्धको भरतोपाख्यानको अध्यायमा उल्लेख भएका विवरण अनुसार (करिव १७५ वर्ष अघि दिवङ्गत आबाल ब्रम्हचारि षडानन्द अधिकारीको पचलिस्थित साधना आश्रमकै वरिपरि) पचलिघाटकै आसपासमा कपिलको अर्को आश्रम रहेको र त्यहाँ सत्संग गर्न गौतमरहूगण (सौविर राजा सम्भवतः साँखु चाँगु, सागदह सरस्वतिखेल क्षेत्रका राजा) जाँदा वर्तमान काठमाडौंको टुडिखेलनिर पुग्दा पैलेदेखि पाल्कि बोक्ने मान्छे बिरामी परी अर्को पाल्कि बोक्ने मान्छे खोज्ने क्रममा वर्तमान कालमोचनदेखि सिहंदरबारसम्मको भाग (जसमा ईक्षुमती, वर्तमान टुकुचाबाट सिंचाई हुने गर्दथ्यो) मा पर्ने आफ्नो खेतमा धान कुर्न बसेका बेला एउटा कालो व्यापारी अधर्मीले बलिको बोका बनाई भद्रकालीमा बलिदिन खोज्दा देवी प्रकट भई ती सन्त भरतलाई मुक्त गरी दुष्टहरू मारेर नाचगान सकी अलप भए पछि फेरि खेतमा कुर्नतिर लागेका जडभरतलाई भेटेका प्रसंग र पर्वत जिल्लाको

सदरमुकाम कुष्मानिर रहेका जाम्बवान् भालुको दुलो, नेपालका आदिवासी नेवार समुदायमा बेल विवाह (लुकुवा महादेवको गुप्तेश्वर महादेव र लुकेर बसेकी पार्वतीले शिव सम्झी बेलसंग विवाह गरेको, गुप्त बास (गुफा) बस्ने चलन तराईको थारूजातसहित कतिपय समाजमा शिव-पार्वतीका अनि राधाकृष्णका लीला र सुदूरपश्चिमका देउडा नाचद्वारा भगवान् श्रीकृष्णको रासलीला सम्झाउने र लिम्बु किराँत समुदायमा विश्वका माता पिता एवम् जगतका गुरू र आमा शिवपार्वतीलाई सत्गुरूलाई हिमालसँगै दाँजेर पुज्ने जस्ता अनेकौं प्रसंगहरूले पनि नेपाललाई परापूर्वकालदेखिनै सनातन देवदेवीहरूको वरदान (संरक्षणपूर्ण कृपा) प्राप्त सनातन हिन्दू देशकै रूपमा उप स्थापित गरिँदै आएको देखिन्छ। अब पनि यसो गरिंदा यहाँका सबै जातजाति वा धर्म मान्नेहरूबाट समेत सहयोग सहितको समर्थन मिल्नेछ। अझ भन्दा एकहोरो खट्ने भरतहरू र इच्छाएको जोहो गर्दै तपस्वी रूपमा गाउँगाउँमा जनचेतना फैलाउने धेरै गौरी र शहर चाहिएको छ सनातन हिन्दूराष्ट्र नेपाललाई।

(ञ) विश्वमा अनादिकालदेखि भगवान् नारायणस्वरूप शालिग्राम दिने एकमात्र सनातन हिन्दू देश नेपालको नाम अविस्मरणीय रहँदैआएको छ। भारत लगायत संसारका प्रायः सबै देशका हिन्दूका घरघरमा पुजिने र प्रायः सबै हिन्दू मन्दिरमा राखिने गरिएको देवता शालिग्राम प्रदान गर्ने एकमात्र देश नेपाल विश्वमा सनातन हिन्दूराष्ट्रका रूपमान कायम रहनु पर्ने कुरामा संसारका बुद्धिजिवी एवम् विश्वका करिब डेढ अरब हिन्दूहरूको समेत सहयोग समर्थन रहेको कुरामा हामी विश्वास गर्दछौं। बाहुन, क्षेत्री, वैश्य, शूद्र सेवामय, शुद्ध पेशाकर्मीसमेत सबैले हाम्रा देवदेवीका कतिपय मठमन्दिरमा मूल पूजक बनेर पूजाआजा गर्दै आएको प्रसङ्गले पनि यो देश सबैजात, भाषा, वर्ण सबैको साझा हिन्दूराष्ट्रको परम्परालाई जीवित राख्दै आएको देखिन्छ। जस्तै कि मनकामनामा शोभा भगवती, भद्रकाली, मुक्तिनाथ, गुह्येश्वरी, वज्रयोगिनी, आदि हाम्रा विशिष्ट मन्दिरका मूल पुजारी बाहुन क्षेत्री मात्र नभएर अरू जातकै छन् तर मान्यता उस्तै छ।

(ट) हिन्दूराष्ट्र कायम हुनै पर्ने कुराको औचित्य सम्पुष्टिका निम्ति छुट्टैपुस्तक लेख्ने पर्ने हुनाले यतिकैमा सोको उपसंहार गर्दै नेपालमा भर्खरै प्रतिस्थापित संसदीय बहुदलीय प्रजातान्त्रिक लोकतन्त्रमा सबै तह, तप्का, विचार, भाषा, धर्म, संस्कृतिसमेत समेट्न सक्ने सहनाववतु सह नौ भुनक्तु सहवीर्य करवावहै अर्थात् हामीहरू सबैलाई संगसंगै बस्ने, बाँच्ने, खाने र परिश्रम-पौरख गरी सम्पन्न र समुन्नत बन्ने समाबेशी जीवन दर्शन प्राप्त होस्। अनि माविद्विषावहै अर्थात् तँ तँ र म म भनेर, तँ सानो म ठूलो, तँ ठूलो म सानी, तँ त्यो, म यो, तँ यताको, म उताको भनी भेदभाव र झैझगडा नगरी कसैको लहैलहैमा भ्रममा परेर कुरै नबुझी आपसमा वास्तविकै थाहा नपाई अनाहकमा झगडा गरी धन, बल, बुद्धि, समय र साधनको दुरूपयोग नगरौं।

सारा नदी, खहरे खोलाको पानी जम्मा हुने समुद्रझैं यो देश सबै भाषा धर्म, संस्कृति, जातजाती, विचार दर्शन, पेशा, तह, तप्का वर्ण, वर्गहरू समावेश हुने साझा थलो, कर्म-भूमि यही नेपाल हो भन्ने उदार र उदात्त (उच्च) चिन्तन दिने वेद र सनातन धर्मका मानवीय पक्षलाई समेटी, समावेशी नवचिन्तनको समयानुकूल जीवनदर्शन अंगाली जनजागरण र चेतनाको तरवारले संकीर्णता, क्षेत्रीयता, छुवाछुत, जातपात र भेद्भावका ऐजेरू खुर्कन प्रेरणा दिने यी सनातन सन्देशको अनुशरण गरौं। असम्भव केही छैन। श्रद्धा विश्वास गरी, अघि बढौं। हाम्रा यी आदर्श शास्त्रीय धर्मसन्देशहरूको मनन गरौं।

एक सद् विप्रा बहुधा वदन्ति ॥१॥

"आकाशात्पतितं तोयं यथा गच्छति सागरम्।
सर्वदेवनमस्कारः केशवं प्रति गच्छति॥२॥

"रुचीनां वैचित्र्याद ऋजुकुटिल-नाना-पथजुयाम्।
नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव॥३॥
व्याधितस्यौषधि पथ्यं निरोगस्य किमीषेधः॥५॥

"यावद भृयेत जठरं तावत् स्वत्वं हि देहिनाम्।
अधिक योऽभिमन्येत से स्तेनो दण्डमर्हति॥४॥

"दरिद्रान् भर कौन्तेय मा प्रयच्छेश्वरे धनम्।
व्याधितस्यौषधि मथ्यं निरोगस्य किमौषैधः॥५॥
मरुस्थल्यां यथा वृष्टिःक्षुधार्ते भोजन तथा।
दरिद्रे दीयते दानं सफल पाण्डुनन्दन॥६॥
आत्मौपम्येन सर्वेषु दयां कुर्वन्ति साधवः॥॥

आत्मवत् सर्वभूतेषु यःपश्यति स पण्डित ॥८॥
विद्याविनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि ।
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ॥९॥

अर्थात् (१) एउटै परमात्मालाई बुद्धिमान्ले प्रतिभाद्वारा अनेक प्रकारका नाम र रूपका बताएका छन् तर त्यो एउटै हो । एउटै छ ।

(२) जसरी आकाशबाट परेको पानी नदी खहरे खोला भएर टेढो र सोझै बग्दै आखिर सागरमानै मिल्छ त्यसरीनै सारा धर्म र सम्प्रदायले मानेका र भनेका देव देवी उही एउटै परमेश्वरका अनेकौ नाम र रूप हुन् । आखिरमा प्राणिमात्रको रक्षक परमेश्वर एउटै हो ।

(३) आफ्नो रूचि तथा इच्छाअनुसारको काम र रूपलाई धर्म भनेर मानिसले रोज्ने गरे पनि नदीनाला सरल र बाङ्गा बाटोबाट हिंडेर अन्त्यमा सागरसम्म पुग्नु एउटै कुरो हो ।

(४) मानिसले आफ्नो सामाजिक मर्यादा (तह) अनुसार जतिले पेट पाल्न र मर्यादित जीवन थाम्न पुग्छ, त्यति मात्र मान्छेको आफ्नो निजी सम्पति हो । बढी जम्मा गरी राख्ने, (फजुल खर्च गर्ने र आडम्बर गर्ने, थुप्रो पारेर राख्ने, अरू ठाउँमा अभाव खडा गरी कृत्रिम खाँचो पार्ने जम्मा खोर हुन् । काला धनी हुन् । राष्ट्रवासीको सामाजिक सम्पतिलाई चोरी डकैति गर्ने अपराधी हुन् । ती सबैलाई गोर्खेलौरी लाएर त्यो सम्पति राष्ट्रको ढुकुटीमा जम्मा गरी राष्ट्रोन्नतिमा लगाउनुपर्छ भन्ने कुरा कार्लमाक्सको दृष्टि भन्दा उत्तम दर्शन हो ।

(ठ) यसरी यी कुरा संसारमा सनातन हिन्दूधर्मले मात्रै भनेको छ । तिमी गरिब दुःखी लाई खान देउ, तबमात्र तिमी त्यो दिन सफल हुन्छ दिवं सफलयेन्नित्यं दान मानोपकारकै ।५। धनीमानी र सम्पन्नलाई १ कौडि पनि नदेउ । मरूभूमिमा पो पानी चाहिन्छ समुन्द्रमा किन पानी पर्नुपर्‍यो र ? ।६। सबैलाई आफूलाई भैं नै देखी सो अनुसार व्यवहार गर्ने मान्छे नै साचो मान्छे हो, साधु वा महात्मा हो । ७ र ८। विद्या-विनयबाट-विद्वान्-ब्राह्मण, गाई, हात्ती, कुकुर अथवा साह्रै तुच्छ काम (टट्टि) सफा गर्ने, कात्रो बटुलेर निर्वाह गर्ने जस्ता काम गर्नेमा समेत भगवान्ले वास गरेका छन् । ती सबैलाई पनि गाँस, बास र कपास दिनुपर्दछ भनी जानेर सो बमोजिम प्राणीको योग्यता क्षमताअनुसार हेरेर गाँस, बास र कपास दिनुपर्दछ भनी जानेर गाँस, बास र कपास दिने समेतको व्यक्ति नै साचिक्कै पण्डित हो, साधु हो, ज्ञानी हो त्यसो नगरेर आफूजम्मा गरी थुपार्ने खाँचो पर्नेलाई नदिने चाहि साधु होइन ।९।

यस्तो सनातन धर्मलाई साच्चै नै आत्मसात् गर्न डराएर नेताहरूले, सभासद्हरूले धर्मनिरपेक्ष राष्ट्र भन्ने निर्णय गरेको देखिएको छ र त्यस्तै अनुभव राष्ट्रले गर्दै छ । त्यसैले त्यो कदम सच्याऔं र विश्वको एकमात्र सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र हिन्दूराष्ट्रको परम्परागत मौलिक पहिचान र छविलाई कायमै राखौ । यसो भएमा संसारले देख्नेछ- विश्वका गुरू देश भनेकोत हिन्दूराष्ट्र नेपाल पो रहेछ । मनुले ठिकै भनेका हुन्-

एतद्देश प्रसूतस्य सकाशादग्रजन्मनः ।
स्वं स्वं चरित्र शिक्षेरन् पृथिव्यां सर्वमानवाः ॥

अर्थात् यही देशका अग्रज विद्वान्बाट यस धर्तीमा सबैले आ-आफ्नो सच्चरित्र सिक्नेछन् ।

(१) अनि महर्षि गौतमले पनि आवश्यक कुरा भनेका रहेछन् दीर्घं पश्यत मा इस्वम्, धर्म चरत माधर्मम् अर्थात् यो संसारमा यसै हिन्दूराष्ट्रका सच्चापण्डित (ब्रह्मज्ञानी) गुरूबाट सबैले आ-आफ्नो आचार, विचार र सदाचार चरित्रको शिक्षा प्राप्त गर्नेछन् ।

(२) अनि त्यसै भएको हुनाले महर्षि गौतम अगाडि भन्दछन्- आजको अहिलेका एकलकाटे दृष्टि होइन भरे, भोलि र पछिसम्मको सुदीर्घ दृष्टि राख्न धर्म गर । धर्म सापेक्ष होउ । धर्म निरपेक्ष अधर्म सापेक्षी पापी नबन । नत्र भने तिम्रा हाम्रा सन्तानले दुःख पाउँछन् र तिम्रो हाम्रो भोलि पनि अन्धकारमय जीवन हुन जान्छ । ‘धर्म जोगाए धर्मले बचाएर जोगाएर राख्दछ । मान्छेले धर्म छोडेर पशुभैं हान्ने जुध्ने नबनौं । मानव धर्मको स्रोतनै वैदिक सनातन हिन्दू धर्म हो । हामी पहिले मान्छे बन्नुपर्छ भन्ने हिन्दूधर्म हाम्रो प्राण हो । धर्म रक्षति रक्षतिः ॥❖

- गोकर्णेश्वर न.पा-१ सुन्दरीजल, काठमाडौ

बहुप्रतिभाका धनी

–प्रा. शिवगोपाल रिसाल

ईश्वरको लीला हो यो– कसैको प्रतिभा जन्मजातै हुन्छ त कसैले अनेक प्रयास गरी प्रतिभा आर्जन गर्दछन् । आर्जन गरिएको भनिएको प्रतिभा पनि परब्रह्म परमात्माकै कृपा हो । त्यसलाई स्वीकार गर्नै पर्दछ । परमात्मा, ईश्वरको इच्छाविना एउटा पातसम्म पनि हल्लँदैन । प्रतिभा ईश्वरीय वरदान हो । यो पूर्वपूर्वजन्ममा गरिएको पुण्यको, पुरूषार्थको परिणाम हो । जन्मजातै रूपमा कसैमा असाधारण प्रतिभाको प्रस्फुटन भएको पाइन्छ भने कसैको प्रतिभा केही कालपछि पनि देखा पर्दछ । यसमा मानवीय प्रयत्न र प्रयासको भन्दा पनि परमात्माकै कृपाको महत्तम भूमिका रहन्छ । मान्छेले जतिसुकै फुर्ती लगाए तापनि, आफ्नो पुरूषार्थको परिश्रमको महिमा गाए तापनि उसको अर्थात् ईश्वरको अनुग्रह, ईश्वरको वरदान, ईश्वरको कृपा आदिको नै सर्वोपरि भूमिका रहेको कुरा स्वीकार गर्नै पर्दछ । यसरी ईश्वरलाई नै सर्वज्ञ, सर्वान्तरयामी, सर्वनियामक, सर्वशक्तिसम्पन्न नमान्ने र मानव–पुरूषार्थलाई, मानव– प्रयत्नलाई, मानव–परिश्रमलाई नै ठूलो मान्ने हो भने ईश्वरले पनि मान्छेलाई शक्तिशाली मान्नुपर्ने स्थिति आउँछ । यसलाई हाम्रा वेदादि, उपनिषदादि, पुराणादि शास्त्रले कदापि स्वीकार गरेका छैनन्, गर्दैनन् पनि ।



यो प्रसङ्ग ल्याउनुको पछाडि बलियो इतिहास जोडिएको छ, डा. स्वामी प्रपन्नाचार्यको जीवनीसँग सम्बन्ध राख्ने । डा. स्वामी प्रपन्नाचार्य पछिको उपाधि हो, नाम हो, प्रसिद्धि हो । पहिले त काले राई नै थिए । परमात्माको कृपाले काले राईमा एउटा असाधारण प्रतिभा प्राप्त भयो, नयाँ पालुवा पलायो लामो समयको अन्तरालपछि । यसमा उनीभित्रको ईश्वरले, आत्माले, परमात्माले काले राईलाई बाबा बन्ने, विद्वान् बन्ने, स्वामी बन्ने, डाक्टर बन्ने शक्ति प्रदान गऱ्यो, प्रेरणा दियो । उनको पूर्वजन्मको पुण्यले प्रस्फुटित हुने अवसर पायो । अनि उनी आजका जेजस्ता भए, बने, उनले ठूलो सङ्घर्ष गरे । ३० वर्षको उमेरमा पढ्न थाले, पढे, खूब पढे, विद्वान् बने, डाक्टर बने अनि स्वामी बने, त्यागी बने, भक्त बने । भगवान्मा समर्पित, शरणापत्र भए । प्रपन्न भए अनि भए डा. स्वामी प्रपन्नाचार्य । जीवनमा सफलता पाउनु, असल बन्न सक्नु, सारा ईश्वरको अनुग्रह हो । ईश्वर करूणावरूणालय हुनुहुन्छ । ईश्वर अनुकूल हुनुभयो भने जे पनि हुन सक्छ ।

मूकं करोति वाचालं पङ्गुं लत्यते गिरिम् ।

यत् कृपातमहं वन्दे परमानन्द माधवम् ॥

अर्थात्, 'लाटोले भाषण गर्न सक्छ, लङ्डाले ठूला–ठूला पहाड–पर्वतमाथि पुगेर कीर्तिमान् कायम गर्न सक्छ । परमात्माले कृपा गर्नुभयो भने के हुन सक्तैन र ! त्यस्तो सामान्यतया हुन नसक्ने कुरा पनि सम्भव गराइदिने, कृपावर्षा गर्ने परमानन्दस्वरूप परमात्मा माधवलाई नमस्कार गर्दछु ।' जीवनमा केही गर्न सकिएन, सफल बन्न सकिएन, असल बन्न सकिएन भने परमात्माको भर गर्न सकिएन, परमात्मामा विश्वास गर्न सकिएन र सङ्क्षेपमा भन्नुपर्दा आफ्नै पुरुषार्थमा कमी भयो भन्नुपर्छ । नभए अर्को बाटो नै छैन । हाम्रो वेदले, दर्शनले, वेदान्तले, भक्तिशास्त्रले यही कुरा सिकाएको छ । यही विश्वासमा हामी अडेका छौं ।

डा. स्वामी प्रपन्नाचार्य बहुप्रतिभाका धनी थिए ।

वेदान्तका त विद्वान् हुन् नै, त्यसमा पनि अद्वैतवेदान्तका। सङ्गीतमा पनि प्रपन्नाचार्य बेजोड नै थिए। अनेक प्रकारका राग गाउँथे, जीवनको उत्तरार्द्धमा समेत। शास्त्रार्थमा पनि उनले ख्याति कमाएकै हुन्। उनले विभिन्न क्षेत्रमा आफ्नो प्रतिभा देखाएर असाधारण सफलता प्राप्त गरेका छन्। राष्ट्रिय एवम् अन्ताराष्ट्रियस्तरका संस्थाबाट सम्मानपत्र र प्रशंसापत्र प्राप्त गरेका छन्।

नेपाली र संस्कृतवाङ्मयका नेपाली विद्वान्, दार्शनिक, साहित्यकारको प्रतिभाको कदर र सम्मान गर्नमा सदा अग्रसर हुने स्वामीज्यू साह्रै गुणग्राही थिए। यही क्रममा उनले संस्कृतमा लेखिएका ग्रन्थहरूको विस्तृत अनुसन्धान गरेर तिनको सम्पादन गरेका ग्रन्थहरू प्रशस्तै छन्। ओझेलमा परेका, मिल्केका, हराइसकेका नेपाली प्रतिभाको, लेखकको, कविको, दार्शनिकको खोजी गरेर, अनेक दुःखकष्ट सहेर पनि तिनलाई प्रकाशमा ल्याएका छन् र तिनको नामकरण गरेका छन् 'मिल्केका झिल्का' भनेर। प्रतिभाको सम्मान गर्न सक्नु पनि प्रतिभाशालीबाट मात्र सम्भव छ।

'वेदमा के छ ?' ग्रन्थले पनि स्वामीज्यूको प्रतिभाको राम्रो परिचय दिएको छ। आफूले मागेर भए पनि गरिबको, अनाथको, दुःखीको, रोगीको उपकार गरेका त कति दृष्टान्त छन् कति ! धनदान दिएर हुन्छ कि, तनदान दिएर हुन्छ कि, मन वा बुद्धिदान दिएर हुन्छ कि, जसरी हुन्छ आफूकहाँ आएका याचकलाई कहिल्यै विमुख नफर्काउने उनको उदार स्वभावको जति प्रशंसा गरे पनि कमै हुन्छ।

आजीवन ब्रह्मचर्यव्रतमा बसेर कठोर तपस्या गर्ने उनी वैष्णवसंन्यासी हुन्, तपस्वी महात्मा हुन्। उनी बोल्नमा, लेख्नमा, हिँड्नमा, अनुसन्धान गर्नमा, शास्त्रार्थ गर्नमा, पढ्नमा, पढाउनमा सदा अग्रसर भए। ब्रह्मचारीका, गृहस्थका, विद्यार्थीका, गुरूका, संन्यासीका, वैष्णवका, वेदान्तीका, सङ्गीतज्ञका, लेखकका, कलाकारका, दार्शनिकका र सङ्क्षेपमा भन्नुपर्दा सबै क्षेत्रका प्रतिभाका प्यारा, आदरणीय, अनुकरणीय प्रतिभा थिए स्वामी प्रपन्नाचार्य।

संस्कृत साहित्यका, व्याकरणका, न्यायका, वेदान्तका, वैष्णवदर्शनका आधिकारिक ज्ञाता थिए स्वामीज्यू। आफ्नो दीर्घजीवनका यात्रामा धेरै हन्डर खाए, दुःख पाए, कतिका प्रिय पात्र बने, कतिले आलोचना, टीकाटिप्पणी पनि गरे तर सदाकाल एकनास रहे। आफ्नो कर्तव्यपथबाट कहिल्यै विचलित भएनन्। उनी सामान्य भिखारीदेखि लिएर राष्ट्रका सर्वोच्च नेता, राजासम्मका अत्यन्त आदरणीय, माननीय, सम्माननीयसमेत बने। यो पनि उनको बहुआयामिक प्रतिभाको परिणाम नै हो। सबैका मन र मस्तिष्कमा अटाएर सम्मानित स्थान पाउनु कम महत्त्वपूर्ण कुरा होइन। उनी बहुप्रतिभाका धनी भएर नै यसो भएको हो। लेखक, कवि, निबन्धकार, अनुसन्धानकर्ता, प्रवक्ता, दयालु, गुणग्राही, ज्ञानी, साधु, सन्त, सज्जन, महात्मा स्वामी थिए डाक्टर प्रपन्नाचार्य।

यत्रा ठूला, बहुप्रतिभाका धनी भए तापनि उनी कहिल्यै धनका, सम्पत्तिका, जग्गाजमिनका धनी भएनन्। कतिसम्म भने उनको एउटा सानो कुटीसम्म पनि, झोपडीसम्म पनि थिएन, सानो निजी आश्रम थिएन, उनको कुनै मन्दिर थिएन। उनी नितान्त त्यागमूर्ति साधु थिए। लगाएको साधुवस्त्रबाहेक उनको आफ्नो स्वामित्वमा केही पनि थिएन। यही हो वास्तविक साधुको, सन्तको, महात्माको, संन्यासीको लक्षण। त्यसैले स्वामीज्यू सबैका प्रिय, आत्मीय, माननीय, आदरणीय, सम्माननीय बने। यो पनि उनले जीवनभर कमाएको, आर्जन गरेको विद्याको, विद्वत्ताको, ज्ञानको, त्यागको, तपस्याको, सरस्वती उपासनाको, परिश्रमको र परब्रह्म परमात्माको कृपाको परिणति हो। उनी सबैका झोलीका देवता थिए, आँखामा राखे तापनि नबिझाउने आत्मीय मित्र थिए, आदरणीय, श्रद्धेय पूजनीय महान् आत्मा भएका महात्मा थिए।

स्वामीज्यू आज ब्रह्ममा लीन भइसके तापनि हाम्रा मन र मस्तिष्कमा छन्। व्यापक ब्रह्मका रूपमा हाम्रा अत्यन्त श्रद्धा र प्रेमका आदर्शमूर्ति, असाधारण महापुरूष, नेपाल र नेपालीका गौरव, कट्टर राष्ट्रवादी हिन्दूराष्ट्रवादका पक्षमा सङ्घर्षशील, धार्मिक सहिष्णुताका सजीव प्रतिभा स्वामीज्यूमा यी शब्दमाला समर्पण गर्दै उहाँको चिर शान्तिको कामना गर्दछु।❖

(हरिप्रसाद सोडारीद्वारा सम्पादित एवम् प्रकाशित डा. स्वामी प्रपन्नाचार्य स्मृति-ग्रन्थबाट साभार)

परमानन्द खरेल स्मृति समिति

शारदा शर्मा

स्वर्गीय परमानन्द खरेलको स्मृतिमा उहाँका परिवार जनबाट स्थापना गरिएको श्रीपरमानन्द खरेल स्मृति पुरस्कार यस वर्ष जगद्‌गुरू आदर्श संस्कृत गुरूकुल, शंखमुललाई प्रदान गरिएको छ । रू. दुई लाख नगद पुरस्कार सहितको सम्मान हरेक वर्ष स्वर्गीय खरेलको जन्म दिवशको अवसरमा साउन १२ गते प्रदान गरिन्छ । स्वर्गीय खरेल आध्यात्मिक बहुप्रतिभाशाली व्यक्तित्व हुनुहुन्थ्यो ।

पिता तुलसीप्रसाद खरेल र माता योगमाया खरेलको कोखबाट कनिष्ठ पुत्रको रूपमा वि.सं. १९८२ श्रावण १२

गते ताप्लेजुङ्गको सिनाममा जन्मनु भएका परमानन्द खरेल एक कर्मठ राष्ट्रसेवक र आध्यात्मिक व्यक्तित्व हुनुहुन्छ । वि.सं. २००८ सालदेखि सिन्धुपाल्चोकको चतरासहित देशका विभिन्न जिल्लाहरू तेह्रथुम, गुल्मी, उदयपुर, संखुवासभा, मोरङ लगायतका स्थानमा सरकारी जागिर सफलताका साथ कार्य सम्पादन गरी आखिरमा झापा जिल्लाबाट २०४६ सालमा उहाँ सेवा निवृत्त हुनुभयो ।

उहाँ सानै उमेरदेखि पूजा पाठ गर्ने सांस्कृतिक धरोहरप्रति ज्यादै सम्मान राख्ने धार्मिक प्रवृत्तिको व्यक्ति हुहुहुन्थ्यो । सेवा निवृत्त भएपछि उहाँको जीवन झन अध्यात्मतिर ढल्कियो । यसै परिप्रेक्षमा वशिष्ठ ऋषिका सन्तान खरेल बन्धुहरूको एकता, सद्‌भाव र हित हुन सकोस् भन्ने उद्देश्यले माइधार कोटीहोम क्षेत्रमा खरेल बन्धुहरूको साथ र सहयोग सहित 'वशिष्ठ आश्रम खरेल प्रवर्द्धन समिति' स्थापना गरी सोमार्फत श्री राम मन्दिर निर्माण गर्न उहाँले विशेष पहल गर्नुभयो । फलस्वरूप कार्य सम्पादन भएपछि उहाँलाई संस्थापक अध्यक्ष र प्रमुख संरक्षकको रूपमा सम्मानित गरिएको थियो ।

अध्यात्मप्रति निकै झुकाव भएकै कारण उहाँ आध्यात्मिक चिन्तनमा धेरै रूची राख्नुहुन्थ्यो । श्रवण, मनन, निदिध्यासनपूर्वक अन्तरमुख भई शुष्म अध्ययन र कुशाग्र बुद्धिबाट मात्र ईश्वरलाई चिन्न र अनुभव गर्न सकिन्छ भन्ने कुरामा उहाँ दृढ हुनुहुन्थ्यो । उहाँको यस्तै कौतुहलता, जिज्ञासा र मुमुक्षुता भएकोले २०४४ सालदेखि ब्रह्मज्ञानी गुरू डा. क्षितीषचन्द्र चक्रवर्तीद्वारा वि.सं. २०२३ असार २६ गते स्थापित अद्वैत संस्था नेपालको सदस्यता ग्रहण गरी ज्ञान मार्गमा प्रवृत्त हुनुभयो । जगत के हो ? ईश्वर के हो ? र म को हुँ ? भन्ने जस्ता गम्भीर विषयमा ब्रह्मज्ञानी गुरू चक्रवर्तीद्वारा रचित नेपाली ग्रन्थहरूको अध्ययन र सत्संगको माध्यमबाट वोध हुँदैआएको उहाँको अनुभव थियो । चक्रवर्तीका करिव ४०० जति सरल ग्रन्थहरू नेपाली भाषामा प्रकाशित छन् भने केही ग्रन्थहरू अंग्रेजी र बंगालीमा समेत प्रकाशित छन् ।

परमानन्द खरेलको तत्परता, उत्साह, जाँगर र निष्ठाबाट प्रभावित भई गुरू चक्रवर्तीले अद्वैत संस्था मेची अञ्चल निर्देशकको भूमिकामा नियुक्त गर्नुभएको थियो । आफ्ना कार्यकुशलता र क्षमताका कारण उहाँ सोही संस्थाबाट अद्वैत सम्वर्द्धक र अद्वैतरत्न इत्यादि सम्मानबाट पनि विभूषित हुनुभयो । अञ्चल निर्देशक पद प्राप्त गरेपछि बढी सक्रियताका साथ गुरूदेवको आज्ञा पालन गर्दै मेची अञ्चल लगायत विराटनगर, रिडी, देवघाट, काठमाडौं

सहित देशका विभिन्न ठाउँमा गई सत्सङ्ग तथा ज्ञानको प्रचारप्रसार गराउन ठूलो सहयोग पुऱ्याउनुभयो ।

अद्वैत संस्था आदर्श शाखा चन्द्रगढी भवन निर्माणमा पनि मुख्य दातामध्ये उहाँ पनि एक हुनुहुन्थ्यो । साथै झापा जिल्लास्थित गुरूकुलहरू श्रीकृष्ण द्वैपायन वेद वेदाङ्ग पाठशाला भद्रपुर र श्री शङ्कराचार्य गुरूकुल शनिश्चरेलाई समेत आर्थिक सहयोग दिई ती संस्थाका विद्यार्थीहरूको शैक्षिक विकासका लागि पनि योगदान गर्नुभएको थियो ।

जीवन भरि र जीवनको अन्तिम समयसम्म पनि मलाई यो चाहियो, त्यो चाहियो, मलाई यो समस्या छ इत्यादि कुराहरू व्यक्त नगर्ने उहाँको सन्तोषी बानी थियो । उहाँले परिवारका सदस्यहरूलाई पनि सन्तोषम् परम सुखम् भनी सुनाइरहनुहुन्थ्यो । साथै शरीरमा दुःख दर्द हुँदा समेत ऐया आत्था होइन 'हे राम !' भन्ने गर्नु भनी आफ्ना परिवारका सदस्यहरूलाई सम्झाउनुहुन्थ्यो । परिवारका लागि मात्र नभई उहाँ आम मानिसका लागि पनि उत्साह र प्रेरणाका श्रोत हुनुहुन्थ्यो ।

समाज र परिवारका लागि एक आदर्श र कर्मठ व्यक्तित्व परमानन्द खरेल २०७७ साल भदौ ४ गते ९६ वर्षको उमेरमा इहलीला समाप्त गरी ब्रह्मलीन हुनुभयो । उहाँको भौतिक शरीरको अवसान भए पनि उहाँका आचरण, शिक्षादीक्षा, आदर्श, निष्ठा इत्यादिको स्मरण मात्रले पनि आफूहरूलाई ऊर्जा, उत्साह र मार्ग दर्शन दिइरहने उहाँका पारिवारिक सदस्यको अनुभूति छ ।

शरीर सबैको नासवान हो । संसारी पदार्थ देखिएका त छन् तर स्वप्नका पदार्थ झैं असत्य हुन् । केवल परमात्मा नित्य, अजरअमर; आत्मरूपले, चैतन्य रूपले ब्रह्म रूपले हामी सबैमा अवस्थित छ । कुनै पनि मानिसको वास्तविक कमाई भनेको रूपैया पैसा होइन उसको सत्कर्म हो । त्यसैले पार्थिव शरीर नभए पनि हाम्रा पिताश्री उहाँका सत्कर्मले हामी संगै हुनुहुन्छ ।❖

पशुपतिमा नयाँ भट्टको नियुक्ति

श्रीपशुपतिनाथको दक्षिण मुहारको पुजारी (भट्ट)को रूपमा बी.एन. विमल अडिगा शास्त्रीलाई प्रवेश गराइएको छ । तीन दिनको गुप्तवास पछि उहाँलाई गत साउन २४ गते पशुपति क्षेत्रका विभिन्न शिवालय एवम् देवालय परिक्रमा गराई मन्दिर प्रवेश गराइएको हो । मन्दिर प्रवेश गराए लगत्तै मूल अर्चक रावल गणेश भट्टले उहाँलाई पाशुपत दीक्षा समेत प्रदान गर्नुभएको थियो । यस अघि आफ्नो स्वास्थ्यको कारण देखाई करिव चार महिना पहिला श्रीरामकारान्त भट्ट विदाइ हुनुभएपछि सो मुहारको पूजा समेत अन्य भट्टहरूबाट हुँदैआएको थियो ।

मदन शिला पुरस्कार वितरण

मदन शिला प्रतिष्ठानद्वारा २०७६ सालको मदन-शिला स्रष्टा सम्मान वरिष्ठ कवि तथा गीतकार दुर्गालाल श्रेष्ठलाई र २०७७ सालको मदन-शिला स्रष्टा सम्मान वरिष्ठ आख्यान शिल्पी गीता केशरीलाई प्रदान गरिएको छ । यसै गरी मदन-शिला साहित्यिक पत्रकारिता सम्मान, २०७६ ले जनमत मासिकका सम्पादक मोहन दुवाललाई नियमित रूपमा पत्रिका प्रकाशन गरी नेपाली वाङ्मयको श्रीवृद्धिमा उल्लेखनीय योगदान पुऱ्याए बापत र २०७७ सालको लागि मदन-शिला साहित्यिक पत्रकारिता सम्मान दायित्व द्वैमासिकका सम्पादक रामप्रसाद पन्तलाई गरिएको छ ।

गत साउन १२ गते प्रतिष्ठानकी संरक्षक श्रीमती शिला भट्टराईको सभापतित्व एवम् वरिष्ठ विद्वान् प्रा. डा. वासुदेव त्रिपाठीको प्रमुख आतिथ्यमा एक विशेष समारोहको आयोजना गरी सो पुरस्कार प्रदान गरिएको हो । उक्त दुवै पुरस्कारको राशि रू. १,०१,०००/- (अक्षेरुपी एक लाख एक हजार) नगद रहेको छ ।

कर्मयोगी बद्रीविक्रम थापा 'सेवा पुरस्कार' आँखा अस्पताल र राष्ट्र गौरव पुरस्कार' पूर्व सचिव थापालाई प्रदान

कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठीले हरेक वर्ष प्रदान गर्दै आइरहेको 'सेवा पुरस्कार नेपाल' यो वर्ष नेपाल आँखा अस्पताल त्रिपुरेश्वर र बद्रीविक्रम राष्ट्र गौरव पुरस्कार पूर्व सचिव भरतबहादुर थापालाई प्रदान गरेको छ ।

बद्रीविक्रम थापाको १०१ औं जन्मस्मृति दिवसका अवसर पारेर गत साउन ११ गते काठमाडौमा आयोजित एक समारोहकाबीच सो पुरस्कार प्रदान गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति केदारभक्त माथेमाले आँखा अस्पतालका अध्यक्ष गोपाल पोखरेल र पूर्व सचिव थापालाई सो पुरस्कार प्रदान गर्नुभएको थियो ।

दुबै पुरस्कारको राशी २ लाख २२ हजार २२२ रूपैयाँ रहेको छ । सोही अवसर पारेर गुठीले शताब्दी पुरुष सत्यमोहन जोशीको स्मृतिमा सत्यमोहन जोशी स्मृति अंक पनि प्रकाशित गरेको छ । कार्यक्रममा बिशेष अतिथिका रूपमा उपस्थित हुनुभएका श्रम तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी, पूर्व उपप्रधानमन्त्री एवम् राप्रपाका अध्यक्ष कमल थापा, पूर्वमन्त्री शशी श्रेष्ठ, गुठीका अध्यक्ष एवम् काठमाडौं विश्वविद्यालयमा पूर्व उपकुलपति प्रा. डा सुरेशराज शर्मा लगायतका व्यक्तित्वहरूले नेपालको सामाजिक र प्रशासनिक क्षेत्रमा बद्रीविक्रम थापाले पुऱ्याउनुभएको योगदानका विषयमा चर्चा गर्नुभएको थियो । गुठीले प्रत्येक वर्ष स्वर्गीय थापाको जन्मस्मृति दिवस पारेर यीसँगै देशको बिभिन्न क्षेत्रमा रहेर सेवा गरे बापत विभिन्न व्यक्तित्वहरूलाई अन्य पुरस्कारहरू पनि प्रदान गर्दै आइरहेको संस्थाका कोषाध्यक्ष किरण विक्रम थापाले जानकारी दिनुभयो । उक्त कार्यक्रममा संस्थाका सचिव डा. चिन्तामणिनाथ योगीले स्वागत मन्तव्य दिनुभएको थियो ।

स्वर्गीय बद्री बिक्रम थापा नेपालको समाज सेवा र प्रशासनिक क्षेत्रमा लामो समयसम्म काम गर्नु भएका असल र कर्मयोगी ब्यक्तित्वको रूपमा चिनिनुहुन्थ्यो । उहाँको २०५२ असोजमा निधन भएको थियो । २०५३ मा बद्री बिक्रमका सुपुत्र किरण बिक्रम थापा लगायतको सक्रियतामा कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठी स्थापना भएको थियो । गुठीले देशको सामाजिक, प्रशासनिक, शिक्षा लगायतका विभिन्न क्षेमा रहेर महत्त्वपूर्ण योगदान दिएका स्वच्छ छवि भएका व्यक्तित्वहरूलाई पुरस्कार प्रदान गर्दै आएको छ ।❖

आँखा पाक्ने रोगबाट बच्ने उपाय :

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रूमाल, सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

नेपाल सरकार

विज्ञापन बोर्ड

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।

गौरी अब ईन्टरनेको माध्यमबाट पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com

मा गएर निःशुल्क, सशुल्क डोनेशनमा पढ्न सकिने जानकारी गराउँदछौं ।

देश तथा विदेशमा रहनु भएका पाठक वर्गले सिधै सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

गौरी मासिक पत्रिकाको निरन्तरताको निम्ति अक्षय कोष निर्माणको लागि यहाँको सानो सहयोग हाम्रो लागि अमूल्य रहनेछ । सहयोगको निम्ति-

eSewa
GAURI PUBLICATION
9851053601

अरुणसिंह पण्डालवाला
प्रोपाइटर

ॐ

अरुणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोबाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५

सेवाहरूः
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

नव वर्ष २०८०को पावन अवसरमा
हाम्रा समस्त ग्राहक महानुभावहरूमा हार्दिक शुभकामना !

शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।

त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

संस्कृत, नेपाली एवम् हिन्दी भाषामा समेत वेद, पुराण, ज्योतिष, कर्मकाण्ड आदि विषयमा विभिन्न धार्मिक पुस्तकहरू चाहिएमा सधैं सम्झनुहोला !

दुर्गा धार्मिक पुस्तक पसल
पशुपति, काठमाडौं
सम्पर्कः ९८४१५२१३५३

Your Printing Solution

"गुणस्तरीय छपाई, सुपथ मुल्य"

किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोन: ०१-४०२२५४४

100% Pure Vegetarian Restaurant

BALAJI FOODS NEPAL
Vishnu Sadan, Pinglesthan, Gaushala
(Airport Road) Kathmandu
Contact No.: 01-5914823, 9702615000

गाई सबैको निम्ति....

- तपाई धनवान् हुनुहुन्छ भने गौमाताको निम्ति गौशाला खोल्नुहोस् ।
- यदि तपाई प्रहरी (सुरक्षाकर्मी) हुनुहुन्छ भने गाईगोरुहरुको अवैध तस्करी नियन्त्रण गर्नुहोस् ।
- यदि तपाई वकिल हुनुहुन्छ भने गोरक्षा सम्वन्धी मुद्धामा वहस गर्नुहोस् ।
- यदि तपाई डाक्टर (स्वास्थ्यकर्मी) हुनुहुन्छ भने गाईको दूध, दही, घिउ, गोवर र गहुतको महिमाको बारेमा जनसाधारणलाई प्रेरणा दिनुहोस् ।
- यदि तपाई पशुचिकित्सक हुनुहुन्छ भने रोगी, घाइते गाईगोरुको उपचार गर्नुहोस् ।
- यदि तपाई शिक्षक हुनुहुन्छ भने विद्याथीहरुलाई गौमाताको महिमाको बारेमा अध्यापन गराउनुहोस् ।
- यदि तपाई किसान हुनुहुन्छ भने गोवरको प्रयोग गरी विषदीमुक्त अर्गानिक खेती गरी अमृत अन्न उब्जाउनुहोस् ।
- यदि तपाई राजनेता हुनुहुन्छ भने गोवध गर्ने विरुद्ध कडा कानून बनाई लागु गर्नुहोस् ।
- यदि तपाई पत्रकार हुनुहुन्छ भने गौमाताको लाभको विषयमा समाजमा प्रचार गर्नुहोस् ।
- यदि तपाई सामान्य व्यक्ति हुनुहुन्छ भने गौमाताको दूध, दही, घिउको उपभोग गर्नुहोस् र गौमाताको रक्षाको निम्ति मद्दत गर्नुहोस् ।